# अध्याय – एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एउटा बहुजाति (अ ार्य, खस, मंगोल, किरात) र बहुधर्म, बहु संस्कृति (हिन्दु, बौद्ध, इस्लाम, इसाई) भएको समाजको सङ्गमस्थल हो । यसरी बहुजाति, बहुभाषा र बहुधर्म संस्कृतिबाट बनेको सिंगो नेपाली समाज अनेकताबाट बनेको एक एकाई हो । यस एकता भित्र अनेकता पाइन्छ अर्थात् अनेक एकाईहरूको समष्टी एकाईको रूपमा यो राष्ट्र प्रतिष्ठित छ । नेपालका जातिहरूलाई हेर्ने हो भने धर्मग्रन्थ र पुराणासम्म पुग्न सकिन्छ । प्राचीन समयदेखि नै यहाँ उत्तर र दक्षिणबाट आएका विभिन्न जातिहरू बसोवास गरेका कुरा इतिहासमा उल्लेख गरिएको छ ।

नेपालका प्राचीन निवासीबारे विभिन्न विद्वान्हरूले आ-आफ्ना किसिमले अनुमान र तर्क प्रस्तुत गरेका छन् । एकथरीका अनुसार नेपाल आउने पहिलो जाति तिब्बतबाट आएका थिए र सम्भवत उनीहरू मंगोल थिए । अर्को अनुमान अनुसार दक्षिणबाट आउने पहिलो जाति आर्य थिए र तिनीहरू नै नेपाल आउने पहिलो जाति आर्य थिए । नेपाली समाजलाई धरातीय स्वरूप अनुसार हेर्ने हो भने मंगोल र आर्य अर्थात् उत्तर र दक्षिण दुवै क्षेत्रबाट नेपालमा प्राचीन मानिस आएको हुन सक्छ ।

ब्राह्मण क्षेत्रीहरूको वसोवास पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका पहाडी जिल्लामा फैलिएर रहेको छ । यिनीहरूका पुर्खा हजारौं वर्षदेखि कर्णाली प्रदेश, कुमाऊ, गढवालमा बस्दै आएका थिए । यी आर्य जाति हुन् । नेपाली भाषा आर्यहरूको भारोपेली भाषा परिवार अन्तर्गतको भाषा हो । क्षेत्रीहरूको परम्परागत मुख्य पेशा शाही सेना, निजामति तथा प्राविधिक सेवाका अतिरिक्त कृषि हो (विष्ट, १९६७) ।

यसैगरी प्रयागराज शर्मा (१९७७) ले जातीय संरचनालाई यसरी प्रस्तुत गरेका छन्-

तागाधारी- दुईपटक जन्मने जात ।

मतवाली -मदिरा पिउने जात

पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने जात ।

पानी नचल्ने तर छोइछिटो हाल्नु पर्ने जात ।

यसरी शर्माले विभिन्न जातिहरूलाई श्रृंखलावद्ध रूपमा वर्गीकरण गरेका छन् । तागाधारी समूहलाई पहिलो जातिको रूपमा राखेका छन् । तागाधारी समूह जनै लगाउने जाति हो जसलाई दुईपटक जन्मने जात पनि भनिन्छ । यी जातिले ब्रतवन्धपछि शुद्धता प्राप्त गर्दछन् । तागाधारीलाई चार भागमा बाँडेका छन्, जसमा उपाध्याय ब्राह्मण, राजपूत, ठकुरी, जैशी ब्राह्मण र क्षेत्री (शर्मा, २०३९) ।

परिवार समाजको सबैभन्दा तल्लो इकाई हो । यसै तहबाट समाज व्यवस्थाको सुरुवा हुन्छ । मानिसको जन्मदेखि मृत्युसम्मको सबै पक्षहरू पारिवारिक संगठन अन्तर्गत नै सञ्चालिन हुन्छन् । यसका अतिरिक्त सुसंस्कृत समाजको विकासको आधार स्तम्भ पनि परिवार नै हो । प्रत्येक समाजमा आफ्नै मूल्य मान्यता र आदर्श अनुरूप पारिवारिक संगठन संचालन भएको पाइन्छ । वास्तवमा सुखी पारिवारिक जीवन हिन्दूहरूको वर्णाश्रम व्यवस्थाको एक शर्त हो । त्यसैले सुखी पारिवारिक जीवनको निमित्त हिन्दूहरूमा संयुक्त परिवार प्रथा धेरै पुरानो रहिआएको छ । संयुक्त परिवारमा सहकार्य र सहअस्तित्वको अवस्था बढी हुन्छ ।

वि.सं. १९१० को मुलुकी ऐनको सुक्ष्म अध्ययनबाट त्यस बेला पनि शासकहरूले नेपाली समाजमा संयुक्त परिवार प्रथालाई बलियो बनाउने प्रयत्न गरेको बुझ्न सकिन्छ । यो ऐनले स्पष्ट रूपले 'छोराहरूलाई जवरजस्ती छुट्याउन नपाउने' व्यवस्था कायम गरेको थियो । छोराहरूको इच्छा विपरित जर्वरजस्ती छुट्याएमा बाबु आमाले दण्डको भागी बन्नु पर्दथ्यो । त्यस्तै छोराहरूले पनि बाबु आमाको इच्छा विरुद्ध अलग भएर बस्न नपाइने ऐनमा व्यवस्था थियो (खत्री, २०५३) । यसबाट उन्नाइसौं शताब्दीको मध्यमा पनि नेपाली समाज प्राचीन हिन्दू आदर्श अनुरूप संयुक्त परिवारिक भावनाबाटै सुखी परिवारको कल्पना गर्न सकिन्छ भन्ने सिद्धान्तमा अटल रहेको बुझिन्छ ।

यसरी नेपाली समाज प्रारम्भिक कालदेखि नै संयुक्त परिवार प्रथाको पक्षपाती रहिआएको छ । वर्तमान समयसम्म पनि यो प्रथा कायमै छ । वर्तमान समयमा आएर वि.सं. २०२१ को मुलुकी ऐनले समेत स्पष्ट रूपले बाबुको जीउ छउन्जेल अंश दिन छोराहरूले बाबुलाई बाध्य गराउन सक्ने छैनन्, म अहिले छुट्टिन्न भन्ने छोरालाई बाबुले कर लगाई छुट्याउन पनि हुँदैन भनेर उल्लेख गरेको छ । संयुक्त परिवार भएकै कारण

सम्पत्तिको हकवाला निश्चित गर्दा पनि सात पुस्तासम्मको दाजुभाइको हिसाब गर्ने गरिन्छ (खत्री, २०५३) ।

जन्मदेखि मृत्युपर्यन्तसम्म गर्नुपर्ने अनेकौं संस्कारमध्ये विवाह सबैभन्दा महत्वपूर्ण संस्कार हो । उमेर पुगेका युवा युवती बीचको स्वभाविक चाहना, नयाँ घरजमको व्यवस्था, सन्तान उत्पादन गर्ने जस्ता कार्यहरूको लागि जुनसुकै समुदायमा वा परिवारमा विवाह अपरिहार्य संस्थाको रूपमा विकसित भएको पाइन्छ । प्रागऐतिहासिक कालदेखि नै विवाह एक संस्थाको रूपमा उत्पत्ति र विकास हुँदै आएको छ । ऋग्वेद र अथर्व वेदमा पनि विवाह गर्न उत्प्रेरित गरिएका र अविवाहितलाई अवहेलना र घृणा गरेका अनेकौं अभिव्यक्तिहरू भेटिन्छन् ।

मानिसले आफ्नो अस्तित्वलाई कायम राख्नको लागि विभिन्न संस्कृतिहरूको अभ्यास गरेका पाइन्छन् जसमा विवाह संस्कार एउटा महत्वपूर्ण संस्कृति हो । यो एउटा सामाजिक संस्था पनि हो । यसबाट परिवार र नातेदारी विस्तार हुन्छ । विवाहलाई मानिसले जन्मेपछि गरिएका विभिन्न संस्कारहरूमा महत्वपूर्ण संस्कारको रूपमा लिईन्छ । विवाह पछाडि मात्र परिवार निर्माण हुन्छ । विवाह एउटा सम्बन्ध स्थापित गर्ने माध्यम भएको हुँदा समाजमा यसको अति महत्व रहेको छ । विवाह के हो ? विवाहको सुरुवात कसरी भयो ? विवाह किन र कसरी गरिन्छ ? भन्ने सम्बन्धमा प्रत्येक समाजको फरकै दृष्टिकोण परम्परा र मान्यता रहेका छन् । विवाहको सामाजिक मान्यता अनुसार श्रीमान् श्रीमतीहरूका बीचमा वैवाहिक सम्बन्धका माध्यमबाट यौन सम्बन्ध स्थापित गराई एक अर्कालाई यौन सन्तुष्टि प्रदान गरी सन्तान उत्पादन गर्ने अधिकार प्रदान गर्ने संस्था हो । यसले बालबालिकाको पालनपोषण, शिक्षादिक्षा आदिको कर्तव्य बोध पनि गराउँदछ ।

विवाहलाई विभिन्न स्थानमा रहेका विभिन्न समुदायले आ-आफ्नो परम्परा अनुसार फरक फरक तरिकाले सम्पन्न गरेको पाइन्छ । जस्तो नेवारले विवाह सामान्य परम्परा प्रक्रिया अपनाई, कुनै अवस्थामा स्वयम्भर अथवा केटी भगाएर गर्ने परम्परा छ (नेपाली, सन् १९६५) । त्यसैगरी हिन्दु धर्ममा विवाहलाई अति महत्वपूर्ण मानव जीवनमा नगरी नहुने कार्यको रूपमा लिई आफ्नै ढङ्गबाट सम्पन्न गर्दछन् । विवाहले समाजमा सद्भाव र समन्वय कायम गरेको हुन्छ । सुदुरपश्चिममा खस समाजमा आफ्नै भाषा, संस्कार र मुल्य मान्यता रहेको छ । यहाँ विवाहलाई सबैभन्दा महत्वपूर्ण संस्कारका रूपमा लिईन्छ । विवाह गर्ने परम्परा

पुरानो मुल्यमान्यता कायमै रहेको भए पनि विश्वको बदलिदो अवस्थाका कारणले विवाह संस्कारमा पनि केही परिवर्तन आएको पाईन्छ ।

विवाह धार्मिक, वैदिक विधानले गरिएका संस्कार भएकाले दाम्पत्य जीवन निरन्तर रूपमा राखि राख्न उनीहरूले विवाहको क्रममा एकले अर्कालाई वहन गर्ने वा साथमा मिलाउने कार्यमा प्रतिज्ञा गर्दछन् । अर्को महत्वपूर्ण पक्ष पाणि ग्रहण पनि हो । त्यसैले मनुस्मृतिमा विवाहको प्रमुख कार्यको रूपमा एकले अर्कोलाई परस्पर हात समातेर साथ दिने वा वहन गर्ने गरिन्छ । कन्या एक पटक मात्र दान गरिन्छ । एक जनालाई वचन दिएर अर्कालाई नदिनु, दण्ड लाग्ने छ (याज्ञवल्क्य, १९८०) ।हाम्रो हिन्दू धर्मशास्त्रका अनुसार आठ किसिमको विवाह उल्लेख गरेको पाइन्छ ।

१. ब्राह्म- बाबु आमाले एउटा असल पढे लेखेको वर खोजी आफ्नो छोरीलाई उपहारको रूपमा सुम्पनु ।

२. दैव- एउटा सुपात्र ब्राह्मणलाई दक्षिणाको रूपमा छोरी दिनु ।

३. आर्ष- विवाह गर्ने केटाले विवाह गर्नु पूर्व केटीको बाबुलाई उपहारको रूपमा गाई, गोरुहरू प्रदान गरी गर्ने विवाह ।

४. प्रजापत्य- धार्मिक विधि अनुसार दुवैंलाई एकै साथ जीवन व्यथित गर्न सल्लाह दिएर बाबुले छोरीको विवाह गरिदिनु ।

५. गान्धर्व- केटाकेटी दुवै आपसमा मिलेर प्रेम गर्ने र आफै भागेर विवाह गर्नु ।

६. आसुर- यो एक किसिमको केटी लुट्नु जस्तै अपहरण गर्नु ।

७. राक्षस- जवरजस्ती विवाह गर्नु, वलपूर्वक विवाह गर्नु ।

८. पैचास- प्रलोभन देखाएर जवरजस्ती आईमाईको धर्मनाश गरी विवाह गर्नु, सुतेको बखत नारीको अस्मिता लुटि प्रतिवादका बीच विवाह गर्नु ।

मनुले यसलाई दुई समूहमा विभाजन गरेको पाइन्छ-

१. धर्म विवाह- ब्राह्म, दैव, प्रजापत्य र आर्ष

२. अधार्मिक विवाह- गन्धर्व, राक्षस, आसुर, पैचास

यसबाट के स्पष्ट हुन्छ भने हिन्दू धर्मशास्त्रमा ८ किसिमको विवाह बारे उल्लेख गरेको भए तापनि ब्राह्म, दैव, आर्ष तथा प्रजापत्यलाई मात्र तत्कालीन समाजले स्वीकृति प्रदान गरेको थियो । कुनै कुनै विद्वानले गान्धर्व विवाहलाई अर्को छुट्टै विशेष समूहमा राखेको पाइन्छ भने आसुर विवाहलाई मनुले अकानून घोषित गरेका थिए (Madanand Majumdar, 1986)।

प्राचीन हिन्दू धर्मशास्त्रमा विवाहको अनेक रूपहरू देखिएता पनि वर्तमान समयमा आएर विवाहको स्वरूपमा परिवर्तित हुँदै आएको छ भने माथिका यी विवाहको रूपहरू मध्ये गान्धर्व विवाह र ब्राह्म विवाह बाहेक प्रायः लोप भइसकेका छन् । तर नेपालमा कुनै कुनै जाति अथवा ग्रामीण क्षेत्रमा राक्षस (जवरजस्ती) विवाह गरेको पनि भेटिन्छ । हाम्रो समाजमा विभिन्न जाति अनुरूप एक पत्नी विवाह, बहुपत्नी विवाह, बहुपति विवाह, अन्तरजातीय विवाह आदि किसिमका विवाह पाइन्छन् । हिन्दू विवाह प्रणालीमा सामाजिक सम्झौताको आधारमा महिला र पुरुषको एकतामा बढी जोड दिइएको पाइन्छ । साथै दुई परिवार बीचको एकतालाई जोड दिइन्छ । यसर्थ यो धार्मिक संस्था र प्रतीक पनि हो । विवाहद्वारा यी दुई परिवार बीच कालान्तरसम्म आपसमा बाँधिएका हुन्छन् र ती परिवार तथा कुटुम्बको कार्यात्मक सम्बन्ध पनि निकै पछिल्लो पिढीसम्म पनि क्रियाशील रहन्छ ।

आधुनिक समयमा सिङ्गो सामाजिक संरचना परिवर्तनशील हुँदै गएको छ । सामाजिक संरचनामा रहेका प्रत्येक इकाईहरू पनि परिवर्तन हुँदै गएका छन् । यसै सन्दर्भमा नेपाली समाजमा परिवार तथा विवाह पद्धतिमा पनि परिवर्तन आएको छ । वर्तमान अवस्थामा शहरी समाजमा परिवारको स्वरूप एकात्मक परिवारतर्फ अगाडि बढेको पाइन्छ । यसको साथै ग्रामीण समाजमा पनि परिवारको स्वरूपमा परिवर्तन आई एकात्मक परिवारको ढाँचातर्फ उन्मुख हुँदै गएको पाउन सकिन्छ । नेपाली समाजमा विगतमा परिवारको स्वरूप संयुक्त परिवारको ढाँचामा थियो । तीन चार पुस्तासम्म परिवारका सदस्यहरू एउटै परिवारमा मिलीजुली बस्दथे । तर वर्तमान अवस्थामा आएर परिवारिक ढाँचामा परिवर्तन आएको छ । त्यसै गरी परिवारमा अन्तरजातीय विवाह, प्रेम विवाह आदिले पनि प्रश्रय पाएको देखिन्छ ।

## १.२ समस्याको कथन

नेपालमा विभिन्न भौगोलिक प्रदेश अनुसार बसोबास गरेका विभिन्न जातजातिहरूको समाजशास्त्री/मानवशास्त्रीय अध्ययन केही मात्रामा सन् १९५० अगाडि जस्तो सिल्माँ लेभी र हडसनले गरे पनि त्यसभन्दा पछाडि नै विभिन्न अनुसन्धानकर्ताले अनुसन्धान कार्य सुरु गरेको देखिन्छ । देशका विभिन्न ठाउँमा यस्ता अध्ययनको सुरुआत भएता पनि सुदुरपश्चिममा बसोबास गर्ने भौगोलिक अवस्था वा वातावरण अनुसार आफ्नो बेग्लै सांस्कृतिक, आर्थिक, सामाजिक रहनसहन, परम्परा, भेषभुषा, भाषा र मुल्यमान्यता भएको ठाउँको समय सापेक्ष अध्ययन अनुसन्धान हुनु जरुरी छ । किनभने यस्ता अनुसन्धानले संस्कृतिको जगेर्ना गर्ने, भावी पिँढीलाई अध्ययन गर्न सजिलो हुनुका साथै अनुसन्धानबाट समुदायको सम्पूर्ण वास्तविकता पत्ता लगाई देश विकासमा समेत सहयोग पुग्न सक्दछ । परम्परागत रूपमा चलिआएको संस्कृति, भाषा, मुल्यमान्यता परम्परा, धर्म, भेषभुषा, रहनसहनमा आदिमा के कसरी परिवर्तन आएको छ भन्ने कुरा हेर्नु आवश्यक छ । यसरी अध्ययन अनुसन्धान गर्दा समाज र सांस्कृतिको मूल्यामान्यता, परम्परा आदिका आधारमा समाजको परिवर्तन गर्न सकिन्छ ।

परम्परागत कालमा नेपाली समाजमा विस्तृत पारिवारिक संरचना थियो । जहाँ परिवारका सबै सदस्यहरू एकै ठाउँमा धेरै पुस्तादेखिसँगै बस्दै आएका हुन्थे जसले गर्दा त्यस परिवारको आर्थिक अवस्था समेत मजबुत हुने गर्दथ्यो र सामाजिक हैसियत राम्रो हुने गर्दथ्यो । कुनै पनि परिवारले जात भित्रको व्यक्तिसँग विवाह गर्नु पर्ने हुन्थ्यो । तर त्यही रक्त सम्बन्ध भएकासँग भने विवाह वर्जित थियो । त्यसै गरी छरछिमेकमा रहेका अन्य जातिको सम्पर्क र शैक्षिक विकासका कारणले स्वतन्त्र र मौलिक अनुभूति हुन थाल्यो जसले गर्दा समाजका मूल्य र मान्यतालाई जोगाउनका लागि विभिन्न संस्थाहरू खोलिन थाले । ती संस्थाहरू मध्ये विवाह पनि एउटा महत्वपूर्ण संस्था हो । समाजमा आधुनिक विचारको विकास भयो र मानिसहरूले परिवर्तित सामाजिक सम्बन्ध स्थापना गर्ने क्रममा विवाहमा पनि परिवर्तन आयो । यसै गरी सुदुरपश्चिमको खस समाजमा विवाह कसरी गर्दछन् विवाहका प्रकार, मूल्यमान्यता, विभिन्न विवाहमा गरिएका क्रियाकलाप र तिनको सम्बन्ध, यसमा आएको परिवर्तन आदि खोजीको विषय भएकाले अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । यस्ता अध्ययनले एकतिर लोप भई रहेका सांस्कृतिक क्रियाकलापलाई बचाउन मद्दत गर्दछ भने अर्कातिर उनीहरूमा विद्यमान सामाजिक समस्या कारक तत्वहरू पहिल्याई त्यसको समाधान गर्ने उपायहरूमा उचित कदम चल्न मद्दत पुऱ्याउन सकिन्छ । देश विकासको मूल

प्रवाहमा सबैलाई समेटेर लैजानका लागि विभिन्न स्थानमा छरिएर रहेका कला, संस्कृति, भाषा, धर्म, आर्थिक सामाजिक पक्ष र राजनैतिक पक्षको अध्ययन गरी उनीहरूको सर्वाङ्गीण विकासमा उचित कदम चाल्नु पर्ने हुन्छ ।

क्षेत्री जातिको बसोवासको बाहुल्यता २१ जिल्लामा बढी भए तापनि पूर्व मेचीदेखि पश्चिम महाकाली विशेषगरी मधेश र पहाडी क्षेत्रहरूमा फैलिएर रहेको पाइन्छ । परम्परागत रूपमा संयुक्त परिवारमा बस्ने क्षेत्री जातिहरू हाल आएर एकात्मक परिवारतर्फ उन्मुख हुँदै छन् । मुख्य कारणमा विवाहपछि संयुक्त परिवारमा महिलाहरू बीचको वेमेल, एक्लै बस्दा छरितो र सुख बढी हुन्छ भन्ने धारणा, संयुक्त परिवारमा सासु-ससुरा, देवर, देउरानी आदि धेरै सदस्य बीचको पारिवारिक भार, आम्दानीको स्रोत, पारिवारका सदस्यका स्वभाव आदि कारणले संयुक्त परिवार भन्दा एकात्मक परिवारतर्फ समाज उन्मुख हुँदै छ ।

क्षेत्री जातिले सामाजिक तथा धार्मिक संस्था अन्तर्गत विवाह विधिलाई पनि एक महत्वपूर्ण संस्थाको रूपमा लिदै आएको पाइन्छ । हिन्दु समाज अन्तर्गत पहिले अनेमेल विवाह, वालविवाह, विसंगतिको रूपमा थियो । ७-८ वर्षको उमेरमा रजस्वला नहुँदै कन्याको विवाह गर्ने प्रचलन एकातिर थियो भने अर्कातिर विधुवा विवाह निषेधित थियो । हालको मुलुकी ऐनको प्रावधान अनुसार महिलाको उमेर १८ वर्ष र पुरुषको उमेर २१ वर्ष विवाह योग्य उमेर तोकेको छ । विधवा विवाह तथा पारपाचुके गरी बसेकाले विवाह गर्न पाउने प्रष्ट कानूनी प्रावधान छ । परम्परागत रूपमा अन्तरजातीय विवाह, विधवा विवाह, प्रेम विवाह, रक्त समूह विवाह वा हाडनाता विवाह (सात पुस्तासम्म), आफ्नै वंश र सगोत्रमा हुने विवाह प्रचलनमा आएको थिएन । हाल आएर माथिल्लो जाति मानिएका क्षेत्री जातिमा प्रेम विवाह, अन्तरजातीय विवाहलाई पनि क्रमशः समाजले स्वीकार्न थालेको छ । प्राचीन हिन्दू विवाह अन्तर्गत बधुमूल्यको प्रचलन रहेको थियो भने हाल आएर दाइजो प्रथाले प्रश्रय पाएको छ । परम्परागत रूपले यज्ञ मण्डप स्थापना गरी विधि पुऱ्याएर विवाह गर्ने चलन अहिले पनि छ । प्रायः लगन दिवा समयमा पार्ने र मन्दिरमा विवाह गर्ने र अदालती विवाहको पनि चलन बढेको छ ।

क्षेत्री जातिको विवाहको पद्धति बारे एक समाजशास्त्रीय अध्ययन गर्ने उद्देश्यले निम्न अनुसन्धान प्रश्नावलीलाई आधार मानिने छ–

१. क्षेत्री जातिको परिवारिक व्यवस्था कस्तो छ ?

२. जातीय इतिहास र संस्कृति कस्तो छ ?

३. जातीय पद्धतिमा यिनको स्थान कस्तो छ ?

४. बदलिंदो परिस्थितिमा क्षेत्री जातिको विवाह पद्धति तथा प्रचलन कस्ता छन् ? आदि प्रश्नमा आधारित भई अध्ययन गरिएका छ ।

## १.३ अध्ययनको उद्देश्य

आधुनिकीकरणको प्रभावले गर्दा पुराना प्रचलन विस्तापित हुने र नयाँ नयाँ कुरा, विचारहरू स्थापित हुने क्रम बढ्दो छ । पुराना परम्परा, विचार, तथा संस्कृति छाँडिदै वा परिष्कृत हुँदै अलग्गिदैछन् । देखासिकीका प्रभावले भनौं वा परिणामले गर्दा समाज द्रुत गतिमा परिवर्तन भइरहेको छ । यस्ता परिवर्तनहरू समाजका धेरै संस्थाहरूमा आएको देखिन्छ । नेपाली समाजमा परिवारिक र विवाह पद्धति महत्वपूर्ण संस्थाको रूपमा रहेको छ । त्यस्तै परम्परागत रूपमा चल्दै आइरहेका बाल विवाह, बहुविवाह,अनमेल विवाह, विवाहको छनौट, विवाहका उद्देश्यहरू, अन्तर्जातीय विवाह आदिको समयानुकूल स्वरूप फेरिदै छन् ।

यस अध्ययनले के निर्धारण गर्न खोजेको छ भने कुनै पनि जात जातिको अध्ययनले त्यस जाति भित्रको मात्र नभएर समग्र राष्ट्रिय संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । साथै संस्कृतिका आधारभूत तथ्यहरूलाई जोगाई राख्ने, निरन्तरता दिने कुरा प्रत्येक जातजातिको अहम दायित्व भित्र पर्दछ । यस शोध कार्यको लागि कीर्तिपुर नगरपालिका वडा नं. १२ लाई अध्ययन क्षेत्र छानिएको छ । त्यहाँ वसोवास गर्ने क्षेत्री समुदायमा प्रचलित वैवाहिक पद्धति बारेमा अध्ययनलाई केन्द्रित गरिएका छ । यस अध्ययनको साधारण र विशेष उद्देश्य यस प्रकार रहेका छन्-

साधारण उद्देश्यमा क्षेत्री जातीको वैवाहिक पद्धतिबारे अध्ययन गर्ने ।

विशेष उद्देश्यमा–

१. क्षेत्री जातिको समग्र इतिहास बारे अध्ययन गर्ने ।

२. परिवर्तित सन्दर्भमा क्षेत्री जातीको वैवाहिक पद्धति पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

कुनै पनि जातिको संस्कृतिहरू एका एक आएर स्थापित भएका हुँदैनन् । तिनीहरू स्थापित हुनका लागि लामो समयदेखि उनीहरूको व्यवहार वा प्रचलनमा पनि विभिन्न किसिमका संस्कारहरू स्थापित हुँदै आइरहेको हुन्छ । परम्परागत रूपमा चल्दै आएका संस्कार वा संरचनाहरूमा के कस्तो किसिमको फरक आएको छ वा छैन  यदि आएको छ भने आमूल परिवर्तन हो वा सीमित हो भन्ने जान्नु पनि अति आवश्यक छ । परम्परागत मूल्य मान्यतालाई सधैँ भरी एकै किसिमबाट चलाउँदै जानु पर्दछ भन्ने छैन । तर परम्पराको नाउँमा सधैँ एउटै कुरालाई निरन्तरता दिनु भने हुँदैन । यस अध्ययनमा समग्रमा क्षेत्री जातिको वैवाहिक पद्धतिको बारेमा प्रचलनमा रहेका विषयलाई समेट्ने कोशिस गरिएको छ । त्यस्तै सामाजिक संस्थाहरूको बारेमा जानकारी लिन इच्छुक व्यक्ति वा संस्थाहरूलाई समेत यो शोधपत्रले सहयोग पुऱ्याउने छ ।

# अध्याय- दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

यस अनुसन्धान गर्नका लागि बाटो देखाउन कस-कसले कहिले कहाँ र कसरी यससँग सम्बन्धित अनुसन्धान सम्पन्न गरे भन्ने कुरा सम्बन्धित साहित्यको पुनरावलोकनबाट पत्ता लगाउन सकिन्छ । अध्ययनकर्तालाई अध्ययन राम्रोसँग अगाडि बढाउन र उचित कार्यको दिशा निर्देशन गर्नका लागि आफ्नो अध्ययनसँग मिल्ने साहित्यको अध्ययन गर्नु जरुरी छ । यस अध्ययनका लागि विभिन्न साहित्यको पुनरावलोकन गरिएको छ ।

नेपाल यस्तो राष्ट्र हो जहाँ विभिन्न जाति जनजातिहरू बसोवास गर्दछन् । यी जाति तथा जनजातिहरूको बारेमा विभिन्न विदेशी तथा स्वदेशी अनुसन्धानकर्ताहरूले अध्ययन अनुसन्धान गरेका छन् । क्षेत्री जातिको बारेमा विस्तृत रूपमा अध्ययन अनुसन्धान भए पनि यस जातिको परिवार र विवाह पद्धतिको बारेमा कमै मात्र अनुसन्धान भएको पाइन्छ ।

बाहुन क्षेत्रीहरूको विवाह साधारणतया आफ्नो जात भित्र मात्र हुन्छ । तर आफ्नै थर भित्र भने पुस्ता जोड्न नसकिनेमा पनि दाजुभाइ मान्ने चलन हुनाले एउटै थर भित्र साधारणतः विहे गरी लेनदेन गर्ने चलन हुँदैन । ठकुरी र राणाहरूमा बाहेक अरुमा फुपूचेला, मामा चेला पनि बिहे गर्दैनन् । बाहुनक्षेत्रीका सबै थरभित्र छोरीलाई पवित्र र पूज्य मानेर चाडपर्वमा टीका लगाई दक्षिणा दिने चलन हुनाले छोरीका नातिनातिना, भान्जाभान्जी र ज्वाईलाई पनि पुज्य मानेर चाडपर्वमा टीका लगाई दक्षिणा दिने चलन छ । छोरीलाई कन्यादान दिई विहे गर्दा छोरीको घरजमको वन्दोवस्त हुने मात्र होइन पुण्य कमाउने हेतु लिएर कन्यादान दिई विहे गरिदिन्छन् । छोराको विहे गर्दा काम गर्ने बुहारी पाएर खुसी हुन्छन् भने छोरी अरुलाई दिएर पूण्य हुन्छ भन्ने विश्वास लिइन्छ (विष्ट, २०६४: १८) ।

विवाह संस्कार हिन्दु पद्धतिमा आधारित छ । क्षेत्री र अन्य जातमा चेली बेच्ने चलन छ । मेरी छोरी तिम्रा छोरालाई दिउँला भन्ने बाचा गर्ने चलन पनि छ । डोटेली समाजमा वालविवाह र बहुविवाहको प्रचलन अत्यन्तै छ भने विधवा विवाह समाजमा मान्य छैन । विवाह पद्धति अनुसार केटी मागेर गरिएका विवाह पनि दुई किसिमका छन्- बजाई विहा र चोरी विहा । बाजा बजाएर जन्ती लाने विवाह बजाई विहा र वाजा नबजाइ जन्ती लाने बिहालाई चोरी बिबाह भनिन्छ । विवाह संस्कारमा सर्वप्रथम वरपक्षका मानिसले वधुको जन्म पत्री माग्दछन् । वधुपक्षले इच्छा गरेमा सो जन्मपत्री माग्न जानेलाई दूध, पिरो र

अमिलो आदिले स्वागत गर्दछन् । छोरी दिने इच्छा नभए स्वागत गर्दैनन् र इच्छा भएमा सुपारी, जनैको साथमा जन्मपत्री दिइन्छ । वरपक्षले त्यो जन्मपत्री लगेर जुडमेल गरी साग राख्दछन् । यो साग् राख्ने भनेको केटी पक्षलाई फलफूल मिठाई आदि दिनु हो । यो साग् राख्ने काम भए पछि केटी दिनै पर्ने वाध्यता हुन्छ । त्यसपछि विवाह कार्य सम्पन्न हुन्छ ( चालिसे, २०६५: ६४) ।

दाहाल (२०५५) ले झाँगड जातिको पारिवारिक तथा सामाजिक अध्ययन विषयको अनुसन्धानात्मक प्रतिवेदनमा प्राचीन कालमा समाजमा पारिवारिक ढाँचा संयुक्त परिवारको थियो र त्यस समाजमा परिवारको संगठनको स्वरूपमा त्यस समुदायको आफ्नै छुट्टै पहिचान रहेको थियो । समाजका प्रत्येक सदस्यहरूले आफ्नो परिवार मार्फत् समाजका मूल्य मान्यता, चालचलन र व्यवहारलाई सिकेर सोही अनुरूप व्यवहार गर्दथे । समाजद्वारा सत्य व्यवहार अनुसारको क्रियाकलाप मात्र व्यक्तिले गरोस् भनेर समाजमा सामाजिक नियन्त्रणको व्यवस्था भएको हुन्छ । साथै व्यक्ति यिनै कारणहरूले गर्दा आफ्नो समुदायबाट अलग हुन सक्दैन ।

हिन्दू धर्मशास्त्र अनुसार वंश निरन्तरताका लागि विवाह आवश्यक हुन्छ । साथै सन्तानोत्पादन पछि मात्र सामाजिक र धार्मिक कार्य पूर्ण हुन्छ भन्ने पनि विश्वास गरिन्छ । सन्तान विना पिण्ड नपाइने र पिण्ड नपाएपछि मोक्ष पाइदैन भन्ने धारणाबाट अभिप्रेरित भएर पत्नीको मृत्यु सन्तान नजन्माईकन हुन्छ भने त्यस्तो पुरुषले अर्को विवाह गर्ने अधिकार प्राप्त गरेको हुन्छ । केही गरी कुनै व्यक्ति नपुसंक वा सन्तानोत्पादनलाई असक्षम छ भने उसकी पत्नीलाई नियोगद्वारा सन्तान उत्पादन गर्नलाई छूट दिएको पाइन्छ । यसको उदाहरण वेदव्यासकृत माहाभारतका वर्णित धृतराष्ट्र, पाण्डु र विधुर हुन् (बराल, २०५०: ९९) ।

त्यसैगरी ईसी (१९९९) ले नेवार, पर्वते, मैथिल जातिको समुदायभित्र गरिएका विभिन्न किसिमको संस्कारहरूको तुलनात्मक रूपमा वर्णन गरेका छन् । ग्रे (१९९१) ले काठमाडौं क्षेत्रमा रहेका बाहुन क्षेत्रीको हिन्दू परम्परागत संस्कारबाट गरिएका विवाह पद्धतिले परिवार, नातागोता, संस्कार आदिका बारेमा विगत र आधुनिक समयमा आएको परिवर्तनको बारेमा विस्तृत रूपमा प्रस्तुत गरेका छन् ।

त्यस्तै अर्को विद्वान् लक्ष्मीकान्तले आफ्नो पुस्तक व्रतवन्ध र विवाह संस्कार (२०४२) मा विवाहका अन्य रूपहरू पनि उल्लेख गर्नु भएको छ ।

(१) सट्टा विवाह- वर तथा कन्याको पिताले आ-आफ्नो छोरीसँग एक अर्काको छोराको विवाह गरिदिने विवाह जसलाई धर्मशास्त्रमा निषेध गरिए तापनि निर्धनताको कारणले समाजले यसलाई मान्यता दिएको छ ।

(२) ल्याइते विवाह- प्राचीन धर्मशास्त्रमा ल्याइते विवाहको उल्लेख नभए तापनि कतै कतै निर्धनताको कारणले विवाह गर्न असमर्थ भएर अरुले विवाह गरेकी स्वास्नी मान्छेलाई अथवा विधवा परस्त्रीलाई आफ्नो साथमा ल्याउने चलनलाई ल्याइते विवाह भनिन्छ । यसरी ल्याएको परस्त्रीलाई जातिको दृष्टिले एक जाति तल राखेको पाइन्छ भने त्यसबाट जन्मेको सन्तानलाई तल्लो जातमा राखेको पाइन्छ ।

(३) अदालती विवाह- यो विवाह विलकुलै नयाँ प्रकारको विवाह हो । प्राचीन धर्मशास्त्रमा यस्तो प्रकारको विवाह बारे कतै उल्लेख भएको पाइँदैन । तर आधुनिक समाजमा वर्तमान कानून वमोजिम आदालतमा दर्ता गरेर साक्षी राखी अति आधुनिक सभ्यताबाट प्रभावित वर वधुले परम्परामा निश्चय गरेर यस्तो विवाह गर्ने गरेको पाइन्छ । हाम्रो देशमा पनि विवाह दर्ता सम्बन्धमा व्यवस्था गर्ने ऐन २०२८ मा बनेको छ र फाटफुट रूपमा भए पनि यस्तो विवाह पाइन्छ ।

यी तीन विवाहको उल्लेख गर्नुको साथै अनुलोम विवाह, प्रतिलोम विवाह, सगोत्र विवाह र सपिण्ड विवाहलाई विवाहको सीमा अन्तर्गत राख्नु भएको छ (पन्थी, २०४२) ।

हिन्दू धर्म अनुसार- विवाह एक धार्मिक संस्कार हो, जसले आफ्नो परम्परालाई निरन्तरता दिइरहेको पाइन्छ । यस संस्कार अनुसार गरिएका विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म रहिरहन्छ । विवाह भौतिक तथा आध्यात्मिक आवश्यकता पूरा गर्नका लागि गरिन्छ ।

हिन्दू विवाहको पौराणिक मापदण्डको विवरण

| **विवाह योग्य** | **विवाह अयोग्य** |
|---|---|
| १. असगोता (विगोत्री) | १. सगोत्र र पिताको गोत्र एउटै गोत्र |
| २. असपिण्डा (सपिण्ड नपर्ने) | २. सपिण्ड (पिताको सात पुस्ता, आमाको ५ पुस्ता) |
| ३. असमान प्रवर (प्रवर भिन्न भएको) | ३. समान प्रवर |
| ४. सवर्ण (सजातीय) | ४. मातुल गोत्र |
| | ५. पुरोहित (आचार्य) गोत्र |
| | ६. असवर्ण (असमान जात) |

स्रोतः याज्ञवल्क्य स्मृति, पृ. २१-२४ ।

हिन्दू विधिशास्त्री तथा स्मृतिकार याज्ञवाल्क्यले उल्लेख गरे अनुसार एउटा आर्यले आफ्नो पुत्रको गृहस्थाश्रम प्रवेशमा सकुमारी कन्यासँग वैदिक विधानले पाणी ग्रहण (विवाह) गरोस् । प्राणी ग्रहणका लागि सहधर्मीको चयन गर्दा असगोत्रा, असपिण्डा, असमान प्रवर र सवर्णा कन्या मात्र गरोस् भनिएको पाइन्छ भने सगोत्र (एउटै गोत्रमा), सपिण्ड ( पिताको सातपुस्ते नाता र आमाको ५ पुस्ते नाता), समान प्रवर र आमाको गोत्रकासँग पनि विवाह नगर्नु भनेको पाइन्छ । त्यसैगरी आफ्नो कुलले आचार्य (पुरोहित) का गोत्रबाट पनि कन्यादान नलिनु भनिएको पाइनुका साथै जातीयताको शुद्धिकरण र पारिवारिक संस्कारको निरन्तरताको लागि असवर्ण (विजातीय-अन्तरजातीय) विवाह पनि नगर्नु भनेको पाइन्छ । स्मृतिकारहरूले निषेध गरेको भए पनि तत्कालीन समाजमा असवर्ण (अन्तरजातीय) विवाह प्रचलनमा भएको कुरा अनुलोम र प्रतिलोम विवाह प्रथाले प्रष्ट पार्दछ ।

क्षेत्री जातिमा विवाह गर्ने उमेरमा धेरै परिवर्तन आएको छ । यस्तो परिवर्तन शिक्षाको प्रभावले गर्दा बढी भएको पाइन्छ । वाल विवाह वा सानो उमेरमा विवाह गर्ने परिपाटी पूर्ण रूपमा नै अन्त्य भै सकेको छ । शिक्षाको विकासले गर्दा बाबु आमा र छोराछोरीको बीचमा सहमती भएको देखिन्छ । बुढापाकामा भन्दा युवा समूहमा पुनर्विवाह, पारपाचुके र विधवा विवाह निसंकोच रूपमा नै भै रहेका छन् । यसले समाजमा कुनै नराम्रो प्रभाव देखिदैन । पारपाचुके गर्नमा सहज र सर्वसुलभ भएता पनि सकेसम्म पारपाचुके नहोस् भन्ने अधिकांश मानिसहरूको धारणा पाइन्छ । यसले पनि पारपाचुक प्रतिको अरुचि हो भन्ने दर्शाउछ (अधिकारी, २०५४) ।

महिलाको पहिलो विवाह गर्ने उमेर चाँडो भएमा बच्चा पाउने समयमा समस्या हुन्छ । त्यसैगरि छिटो विवाह भएमा धेरै बच्चाहरु जन्मिने गर्दछन् र त्यसले शिशु जन्मदर बढाँउदछ र महिलाको स्वास्थ्यमा नकरात्मक प्रभाव पारी समाजमा पनि विभिन्न किसिमका समस्या सृजना हुन्छन् । नेपालमा विवाह गर्ने उमेर हेर्दा २५–४९ वर्षका ५५ प्रतिशतले १८ वर्षको उमेरमा विवाह गरेको पाइयो भने ७४ प्रतिशतले २० वर्षमा विवाह गरेको पाइयो । २५–४९ वर्षको विवाह गर्ने मध्यम उमेर १७.५ वर्ष रहेको पाईन्छ । त्यसै गरि ग्रामिण क्षेत्रमा बसोबास गर्ने महिलाहरुभन्दा शहरमा बस्नेले एक वर्ष पछाडि विवाह गर्ने गरेको देखाइएको छ भने सुदुर पश्चिममा बसोबास गर्ने महिलाको विवाह गर्ने उमेर १६.६ वर्ष रहेको कुरा देखाइएको छ । शिक्षा नपाएको महिला भन्दा शिक्षा पाएका महिलाले विवाह

गर्ने उमेर (२१.८ वर्ष) बढी रहेको छ । विवाह गर्ने उमेरमा शिक्षा स्वास्थ्य र बसोबास गर्ने ठाँउले प्रभाव पारेको पाईन्छ (नेपाल डेमोग्राफीक एण्ड हेल्थ सर्भे, २०११) ।

सन् १९५२-१९५६ को औषत विवाह गर्ने उमेर १४.६ वर्ष थियो भने त्यसको जबकी सन् १९७० को मध्यतिर विवाह गर्ने उमेर १६.५ वर्ष थियो (कोल्टावियानो र कास्टीगालोनी, सन् २००८) । जबकी सन् २०११ को तथ्यांकमा विवाह गर्ने उमेर १७.५ वर्ष (NDHS, 2011) विवाह गर्ने उमेरलाई हेर्दा अन्य पक्षभएको तुलनामा खासै परिवर्तन भएको देखिँदैन ।

विवाह संस्कार हिन्दुपद्धतिमा आधारित छ । क्षेत्री र अन्य जातमा चेली बेच्ने चलन छ । मेरी छोरी तिम्रा छोरालाई दिउँला भन्ने बाचा गर्ने चलन पनि छ । डोटेली समाजमा बालविवाह र वहुविवाहको प्रचलन बिस्तारै कम हुदैँ गएको छ भने विधवा विवाह समाजमा त्यति धेरै मान्य छैन् । विवाह पद्धति अनुसार केटी मागेर गरिने विवाह पनि दुई किसिमका छन्- बजाई विहा र चोरी विहा । बाजाबजाएर जन्ती लाने विवाह बजाई विहा र बाजा नबजाइ जन्ती लाने विहालाई चोरी विहा भनिन्छ । विवाह संस्कारमा सर्वप्रथम वरपक्षका मानिसले वधुको जन्म पत्री माग्दछन् । वधुपक्षले ईच्छा गरेमा सो जन्मपत्री माग्न जानेलाई दुध, पिरो र अमिलो आदिले स्वागत गर्दछन् । छोरी दिने ईच्छा नभए स्वागत गर्दैनन् र ईच्छा भएमा सुपारी जनैको साथमा जन्मपत्री दिईन्छ । वरपक्षले त्यो जन्म पत्री लगेर जुडमेल गरी साग् राख्दछन् । यो साग् राख्ने भनेको केटी पक्षलाई फलफूल मिठाई आदि दिनु हो । यो साग् राख्ने काम भए पछि केटी दिनै पर्ने बाध्यता हुन्छ । त्यस पछि विवाह कार्य सम्पन्न हुन्छ ( चालिसे, २०६५: ६४) ।

गोरखा सदरमुकामबाट ५१ कोस टाढा रहेको छेकम्पार र चुम्चेत गाविसमा भने अहिले पनि जवरजस्ती विवाह गर्ने परम्परा कायमै छ । 'हुन त पति र म बीच असाध्यै प्रेम भयो तर मलाई पनि जवरजस्ती नै विहे गरेका हुन्', छेकम्पार- ६ लार फुर्पे पाड्दुडकी आमा समुहकी अध्यक्ष छिरिङ पाल्मु लामा भन्छिन्, 'केटाका बुबा, आमा र इष्टमित्र केटीलाई थाहै नदिई केटीको घरमा जान्छन् । कुराकानी मिलाउँछन् । लगन जुराउँछन् अनि केटीलाई थाहै नदिई जवरजस्ती तानेर लैजान्छन् । एकाघवाहेक अधिकांशले जवरजस्ती गरेर विवाह गर्ने गरेको पाल्मु बताउँछिन् । केटीले जान्न भनेर अटेर गरी भने आकाशमा गए खुट्टामा समातेर झारुँला, पातालामा गए कपालमा समातेर तानुँला भनेर उम्किनै नदिने चलन छ । उनी भन्छिन्- 'भाग्ने

खोजेमा सबै मिलेर बाँधेर लान्छन् ।' पाल्मुका अनुसार केटा पक्षकाहरू लगन जुराएर केटीको घरमा जान्छन् । उनीहरू केटीको घरमा जानु अघि केटीलाई दिनभरि घरमा नआउने गरी घरबाहिर पठाउने चलन छ । केटी पक्षलाई केटा पक्षले रक्सी (आराक) खुवाए पछि विवाह निश्चित भई केटा पक्षले लगन जुराई मिलेको दिन केटी बाटोमा हिडिरहेको समयमा होस वा मेलापातमा काम गरिरहेको बेला होस् केटा र उसको ईष्टमित्र आएर झ्याप्पै समात्छन् । पहिले हातखुट्टा बाँधिदिन्छन् । अनि चल्न नमिल्ने भए पछि बोकेर लान्छन् । घरमा सात दिनसम्म राखेर फेरी माइत पठाउने उनी बताउँछिन् । त्यसैगरी तीन चार वर्षसम्म पनि केटीलाई जानकारी नदिई लगनको दिन पारेर १५/२० जनाको समूह आएर तानेर लैजाने गर्दछन् । यसरी जवरजस्ती लगि सके पछि केही समयपछि विधिपूर्वक विवाह गरी ईष्टमित्रहरूलाई बोलाएर भोज खुवाउने, जुबाइँले ससुरालाई १८ वोरा गहुँ दिने, औकात अनुसार दाईजो पनि दिने चलन छ (उप्रेती, वि.सं. २०६९) ।

विगतमा विभिन्न  वैवाहिक पद्धति हावी थिए । यि मध्य केहि पद्धति रुपान्तरण हुँदै हालसम्म कायम छन् । यसका साथै वर्तमान विश्वभित्र नै विभिन्न धर्मालम्वी, साँस्कृतिक समूह र जनसमुदायमा विभिन्न पद्धति अन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्बन्धभित्रको घनिष्ठता, स्थायित्व, 'लेनदेन' र अन्य अन्तरक्रियाका साथै दम्पतिको वालवच्चा, परिवारका अन्य सदस्य, नातागोता र मित्रसँगको सम्बन्ध पनि भिन्न भिन्न रहेको पाईन्छ । त्यसैगरि कुनै पनि समुदायमा स्थापित वैवाहिक पद्धति स्थिर भैएको पाईदैन । पुरानो स्थापित वैवाहिक पद्धतिमा विस्तारै रुपान्तरण भएको छ र नयाँ पद्धति स्थापित हुँदै गएका छन् । वैवाहिक पद्धतिमा भिन्नता र परिवर्तन किन हुन्छ ? नयाँ पद्धतिहरुको विकास किन र कसरी हुन्छ ? यसको के कारण छ ? यसमा कतै दैवी वा प्राकृतिक कारण त छैन ? परम्परालाई यस्तो भिन्नताको उपयुक्त र यथेष्ट व्याख्या मानिन्छ भने विवाह पद्धतिमा आएको र भविष्यमा आउने परिवर्तनलाई कसरी व्याख्या गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसै गरि नेपालको विवाह पद्धतिलाई हेर्दा मागी विवाह जसलाई परिवार र नजिकका नातागोता द्वारा रचित र संरक्षित विवाह मान्न सकिन्छ भने प्रेम विवाह जुन विवाह गर्ने केटा र केटीको इच्छा अनुसार हुन्छ । यिनीहरुका साथै अन्य विवाह पद्धतिमा जारी विवाह, विधुवा–विदुर विवाह, वाल विवाह, श्रृखंलायुक्त विवाह, वहु विवाह (वहुपत्नी वहुपति), एकता विवाह, अन्तर जातिय विवाह आदि आदि भएपनि यि विभिन्न पद्धतिका आ–आफ्नै परिवेश छन् । (मिश्र, वि. सं. २०५७)

कतै गुञ्जिँदैन पञ्चैवाजाको धुन । सहनाईको नामनिसान छैन । वारीको पाटामा बसेर टपरीमा खसीको मासुको झोल चुहाउँदै खाने जन्तेबाखो अब वद्धवद्धाको धमिलो स्मृतिमा मात्रै बाँकी छ । नेपाली समाज परिवर्तन भयो आधुनिक भयो, विवाहको दस्तुर बदलियो, रिवाज बदलियो, शैली बद्लियो । हुन त हाइली डेमेलप्ड सोसाइटीहरूमा विवाह संस्था र परिवार परम्परा कमजोर हुँदै गएका छन् । तर, नेपालमा विवाहलाई व्यक्तिको जीवनको ठुलो परिघटना मान्ने सोच अझै पनि असाध्यै बलियो छ । अहिले विवाह खर्चालु र महँगो हुँदै गएको छ । तामझाम र तडकभडक विहेका अभिन्न हिस्सा भएका छन् (सिवाकोटी, २०६८) ।

विवाह संस्कारका सम्बन्धमा विभिन्न सामग्रीहरूको अध्ययनबाट विवाहका बारेमा पुरानो मूल्य मान्यता र पुराना धर्म ग्रन्थमा विवाह सम्बन्धमा गरिएका कुराहरू देखि लिएर विवाह संस्कार कसरी सम्पन्न गर्दछन् र त्यसमा कस्तो कस्तो परिवर्तन आयो भनेर यस अध्ययनमा उल्लेख गरिएका छ । विवाहलाई समाजको अभिन्न अंगको रूपमा लिइन्छ । यस्तो कार्य विभिन्न समुदाय अनुसार फरक फरक रहेको पाइन्छ । विवाहमा गरिएका विभिन्न संस्कारहरूमा आ-आफ्नै पद्धतिहरू र परम्परा कायम रहेका हुन्छन् । यी पद्धति र परम्परा समय अनुसार परिवर्तन भएर जान्छन् जस्तो पहिले पहिले दुई दिनमा (रात्री लग्न) विवाह गर्ने चलन हाल एक दिनमा समाप्त हुनेमा परिणत भएको छ भने पहिले सामान्य रूपमा दाइजो र विवाहको भोज भत्तेर गरिन्थ्यो भने हाल त्यसमा बढी पैसा खर्च गर्ने गरेको पाइन्छ ।

# अध्याय – तीन

# अनुसन्धान पद्धति

यस अध्ययनका लागि अपनाइने अनुसन्धान पद्धतिहरूका बारेमा विस्तृत रूपमा तल उल्लेख गरिएको छ–

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनमा क्षेत्र अध्ययनको लागि कीर्तिपुर नगरपालिका वडा नं. १२ अन्तर्गत भत्क्केपाटी क्षेत्रलाई छानिएको छ । उक्त स्थान काठमाडौंबाट ९ किलोमिटर दक्षिणतिर अवस्थित छ । अध्ययन क्षेत्रको छनौट उद्देश्यमूल (Purposive) छ । यस क्षेत्रको वैवाहिक परम्परा र त्यससँग जोडिएका संस्कृतिको सम्बन्धमा विभिन्न अनुसन्धानकर्ताहरुले अध्ययन गरेता पनि यस क्षेत्रमा रहेको वैवाहिक निरन्तरता र परिवर्तनका बारेमा हालसम्म अध्ययन अनुसन्धान हुन बाँकी रहेको अवस्थामा कीर्तिपुरमा रहेको क्षेत्री जातिको वैवाहिक परम्पराको प्रतिनिधित्व गर्ने छ । त्यसैगरी यो अध्ययनले भविष्यमा हिन्दु संस्कृति र परम्पराको अध्ययन अनुसन्धानकर्ताका निम्ति उपयोगी सहित्य हुनुका साथै नेपालमा रहेको सामाजिक सांस्कृतिक परम्पराको संरक्षण र जर्गेना गर्न सहयोग पुऱ्याउने छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको लागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । मूलतः गुणात्मक तथ्यहरूमा आधारित रही विवरणात्मक शैलीमा शोधपत्र तयार गरिएको छ । शोधपत्र तयार गरिएका क्रममा प्रश्नावली सूची, अवलोकन, समूह केन्द्रित छलफल आदिबाट तथ्यांक संकलन गरिएको छ ।

## ३.३ नमूना छनौट प्रक्रिया

अध्ययन क्षेत्र कीर्तिपुर नगरपालिका वडा नं. १२ मा जम्मा घर संख्या ४०९ मध्ये थापाक्षेत्रीहरूको घरसंख्या ९० रहेको छ । उक्त ९० घरसंख्यालाई नै समग्रको रूपमा

Census Survey विधिको आधारमा घरमुलीसँग अन्तरवार्ता सूचीको माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

## ३.४ तथ्यांकको स्रोत

अनुसन्धानको लागि मुख्य गरर निम्न प्रकारको तथ्याङ्कको स्रोतलाई लिइएको छ–

### ३.४.१ प्राथमिक स्रोत

अन्तरवार्ता सूचीबाट तथ्याङ्कहरू संकलन गरिएको छ । जसको माध्यमबाट सामाजिक-सांस्कृतिक र आर्थिक परिवर्तनका साथै परिवार र विवाहको स्थिति बारेमा तथ्याङ्कहरू संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोतबाट लिइने तथ्याङ्कहरूमा क्षेत्री जातिका सामाजिक, आर्थिक परिवर्त्य र परिवार, विवाह प्रथा बीचको सम्बन्धका बारेमा प्रकाशित तथा अप्रकाशित गरेका पुस्तक, पत्रिका, लेख रचनाहरूको आधारमा अध्ययन गरिएको छ ।

## ३.५ तथ्यांक संकलनका विधिहरू

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका विधि अन्तर्गत घरधुरी सर्वेक्षण, अन्तरवार्ता सूची, मुख्य सूचना दातासँगको अन्तर्वाता जस्ता विधिको प्रयोग गरिएको छ ।

### ३.५.१ स्थलगत अवलोकन

अवलोकनले तथ्याङ्क संकलन गर्दा प्रयोग हुने अन्य विधि/तरिकाबाट छुटेका कुराहरूलाई प्रत्यक्ष रूपमा संकलन गर्न राम्रो काम गरेको हुन्छ । यसमा अवलोकनकर्ताले प्रत्यक्ष रूपमा संलग्न भई आफैले देखेका कुरालाई नियालेर तथ्याङ्कको रूपमा संकलन गरेको छ । अध्ययन क्षेत्रमा गएर त्यहाँका गाउँ, समाज, घर सञ्चालन, लवाई खुवाई रहनसहन, भेषभूषा, भाषा, धर्म, रीतिरिवाज, चालचलन, सांस्कृतिक परम्परा र पेशाको बारेमा प्रत्यक्ष सहभागी भएर स्थलगत अवलोकन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अन्तरवार्ता

अध्ययन अनुसन्धानमा अन्तर्वार्ता एउटा महत्वपूर्ण तथ्याङ्क संकलनको साधन हो । अध्ययन गर्ने क्रममा उत्तरदातासँग प्रत्यक्ष रूपमा संलग्न भई तथ्याङ्क संकलन गरिने हुँदा

यस्ता तथ्यांकहरुमा विश्वसनीयता र वैद्यता वढी हुन्छ । अन्तर्वार्ताबाट ल्याएका तथ्याङ्कहरू गुणात्मक अनुसन्धानमा अति महत्वपूर्ण र भरपर्दा हुन्छन् यस्तो खालको अनुसन्धानमा अन्य तथ्याङ्क संकलनका साधनले उपयुक्त तथ्याङ्क दिन नसक्ने भएकाले अन्तर्वार्ता नै आवश्यक हुन्छ ।

यस प्रविधिबाट शोध अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएका छ । यस विधिबाट क्षेत्री जातिको जनसंख्याको विवरण, पारिवारिक विवरण, वैवाहिक विवरण आदिका आधारमा प्रश्नहरू तयार गरी अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ घटना अध्ययन

सामाजिक एकाइ भित्र अन्तरनिहित समस्याको निदान गर्ने उद्देश्यले घटना अध्ययन गरिन्छ । घटना अध्ययन अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान विधिसँग सम्बन्धित रहन्छ । यो अध्ययन एकल वा तुलनात्मक दुवै तरिकाले गर्न सकिन्छ । यसमा घटनाहरूको प्रकृति अवस्थामा नै अध्ययन गरिने हुनाले विशेष गरी व्यक्तिगत अभिलेखहरू, डायरीहरू, अटोबायाग्राफीहरू, चिठीपत्रहरू, संघसंस्थाका अभिलेखहरू र फाइलहरू घटनाका स्रोत मानिन्छन् । त्यसैले घटना अध्ययनले समस्याको कारण पत्ता लगाई समाधान गर्ने हुनाले यस अध्ययनमा पनि यो विधि प्रयोग गरिएको छ । यो विधि प्रयोग गर्दा दुई जना व्यक्तिलाई लिएर तिनीसँग विवाहका परम्परा र त्यसमा आएको परम्पराका बारेमा संक्षिप्त रूपमा तथ्याङ्क लिई अध्ययन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्वसनियता र प्रमाणिकता

यस अध्ययनमा अनुसन्धानकर्ताद्वारा अध्ययन स्थलमा गई आवश्यक तथ्याङ्कहरू विभिन्न विधिका माध्यमबाट ल्याएर तिनीहरूको नतिजालाई गुणात्मक अनुसन्धान विधिमा आधारित भएर उद्देश्य अनुसार व्याख्या र विश्लेषण गरी प्रस्तुत गरिएको छ । यसरी व्याख्या र विश्लेषण गर्दा अध्ययन क्षेत्रबाट आएको अन्तर्वार्ता, अवलोकन र अवस्था अध्ययनमा आधारित भएर ती तथ्याङ्कको व्याख्या गरियो । अन्तर्वार्तामा दिएको सुचनालाई मुख्य आधार मानिएको छ भने अध्ययनकर्ताले गरेको अवलोकन र अवस्था अध्ययनबाट पनि तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुती एवं विश्लेषण

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएको तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा भर पर्दछ । प्राथमिक र द्वितीयक स्रोतका आधारमा तथ्यांक संकलन गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्य परक बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएका छ । विभिन्न प्रकृतिको तथ्याङ्कहरूलाई आवश्यकता अनुसार टेवुल, चार्ट बनाई सांख्यिकीय विधि प्रयोग गरेर तथ्याङ्कको विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

कीर्तिपुर नगरपालिका वडा नं. १२ मा बसोवास गर्ने क्षेत्री जातिको वैवाहिक पद्धतिको बारेमा अध्ययन गरिएको छ । क्षेत्रीहरूको कूल घरसंख्या ९० लाई समेट्ने गरी घरधूरी सर्वेक्षण गरी तथ्याङ्क संकलन गरिएको छ । यो अध्ययन नितान्त स्थानीय रितिरिवाज एवं प्रचलनसँग सम्बन्धित भएकोले अन्य क्षेत्रको अध्ययनसँग नमिल्न पनि सक्दछ । यो शोधपत्र तयार पार्ने क्रममा सीमित समय, स्रोत साधन, आर्थिक पक्ष आदिलाई मध्यनजर गर्दै निश्चित समय सीमाको पावन्दी भित्र रही अध्ययन गरिएको छ ।

यो अध्ययन अनुसन्धानकर्ताले समय, स्रोत साधन, आर्थिक पक्ष आदिलाई मध्यनजर गर्दै ६ महिना भित्र सम्पन्न गरेको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपाल अधिराज्यका ५ विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने काठमाडौँ जिल्ला वागमति अञ्चलमा पर्दछ । काठमाडौँ जिल्ला अन्तर्गत ५७ वटा गा.वि.स., १ महानगरपालिका र १ नगरपालिका पर्दछन् । यसै जिल्ला अन्तर्गतका १ नगरपालिका कीर्तिपुर नगरपालिका हो । कीर्तिपुर नगरपालिकाको चर्चा गर्दा यहाँ वि.सं. १८२१ भन्दा पहिला छुट्टै राज्य थियो । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहले वि.सं. १८१४ र १८१८ मा दुई पटक आक्रमण गर्दा असफल भई वि.सं. १८२१ मा विजय प्राप्त गरी त्यसलाई आफ्नो राज्यमा गाँभ्न सफल भएका थिए । कीर्तिपुरमा ऐतिहासिक दरवार, बाघभैरव मन्दिर, उमामहेश्वर मन्दिरलगायत गल्ली गल्ली, चोक चोकमा मन्दिर, चैत्य र पौवाहरू रहेका छन् ।

महाकवि स्व. लक्ष्मीप्रसाद देवकोटाले कीर्तिपुरमा वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना गरेपछि यहाँ शैक्षिक मात्र नभई सामाजिक, राजनैतिक र सांस्कृतिक क्षेत्रमा रूपमा ७५ जिल्लाका मानिस र भाषाभाषीको संगम स्थल बन्न सफल भएको छ । यहाँ हिन्दू, बौद्ध, इस्लाम, क्रिस्चियन, सिखलगायत सम्पूर्ण धर्म मान्ने सम्प्रदायहरू भेटिन्छन् ।

## ४.२ कीर्तिपुर नगरपालिकाको भौगोलिक अवस्था

कीर्तिपुर नगरपालिका समुन्द्री सतहबाट ३५४५ फिटदेखि ७००० फिटसम्मको उचाइमा अवस्थित छ । यो दक्षिणबाट उत्तरतर्फ भिरालो हुँदै आएको छ । यस नगरपालिकाको कूल क्षेत्रफल १४५८ रोपनी अर्थात् करिब ८.२२ वर्ग कि.मि.मा फैलिएको छ ।

कीर्तिपुर नगरपालिकालाई भौगोलिक दृष्टिले २ भागमा बाँड्न सकिन्छ । जस्तो माथिल्लो भाग १, २, ३, ४, ५, ६, ७, ८, १३, १४ जस्ता वडाहरू उच्च स्थानमा पर्दछन् भने अरु वडाहरू ९, १०, ११, १२, १५, १६, १७, १८, १९ वडाहरू तल्लो भेगमा पर्दछन् । नयाँबजार, ट्याङ्लाफाँट, नगाउँ, भत्केपाटी, पाँगा आदि जग्गा खेतीयोग्य मानिन्छ ।

विगतमा ती जमीनहरूमा सिँचाईको सुविधा थियो भने हाल आएर सो सुविधाबाट यहाँ जनता बञ्चित रहेका छन् ।

काठमाडौँ उपत्यकाबाट कीर्तिपुर नगरपालिका ८ कि.मि. को दूरीमा रहेको छ । यहाँका मानिसहरू पुरातन मान्यता, अन्धविश्वास, रुढीवादीबाट जकडिएका छन् । यहाँका धेरै मानिसहरू आज भोलि पनि झारफुक र पुरातन मान्यताबाट ग्रसित रहेका छन् भने छोरी भन्दा बढी छोराको चाहना, कृषिमा पुरातन प्रवृत्तिले गर्दा यो नगरपालिका जति मात्रामा विकास हुनु पर्ने हो सो हुन सकेको छैन ।

## ४.३ सिमाना

काठमाडौँ जिल्लामा अवस्थित कीर्तिपुर नगरपालिका २०५३ सालमा नगरपालिका घोषणा भएको हो । यस नगरपालिकाको पूर्वमा वागमति नदी, पश्चिममा मच्छेगाउँ गा.वि.स. र तीनथाना गा.वि.स., उत्तरमा काठमाडौँ महानगरपालिकाको १४ र दक्षिणमा चाल्नाखेल गा.वि.स.ले छुट्याएको छ ।

कीर्तिपुर नगरपालिका वडा नं. १२ काठमाडौँ देखि ९ कि.मि.को दूरीमा अवस्थित रहेको छ । साथै यस वडामा २ वटा सरकारी मा.वि. वालकुमारी माध्यमिक विद्यालय र जनसेवा उच्च मा.वि. रहेको छ भने निजी क्षेत्रबाट संचालिन १ ओटा बोर्डिङ्ग स्कूल पनि रहेको छ ।

## ४.४ हावापानी

कीर्तिपुर नगरपालिकाको हावापानी समशितोष्ण प्रकारको छ । यहाँ मनसुनी जलवायुको प्रभाव देखिन्छ । साथै जाडोमा धेरै जाडो तथा गर्मीमा अधिक गर्मी महशुस हुँदैन । जाडोमा निम्नतम ० डिग्री सेल्सियस र गर्मीमा ३४ डिग्री सेल्सियससम्म पुगेको यहाँ रेकर्ड गरिएको छ ।  सामान्यतया यहाँको मौसमलाई ३ भागमा बाड्न सकिन्छ । यहाँ मंसिर महिनादेखि चिसो शुरु भई फागुन महिनाको पहिलो सातासम्म रहन्छ भने बढी जाडो पुष र माघ महिनामा हुन्छ । त्यसैगरी गर्मी मौसम वैशाख, जेष्ठ र असार महिनामा अधिक रहन्छ । वर्षा मौसम जेष्ठ महिनाको अन्त्यबाट शुरु भई भाद्र महिनाको अन्त्यसम्म रहने गर्दछ ।

## ४.५ कीर्तिपुर नगरपालिकाको वडागत जनसंख्या विवरण

कीर्तिपुर नगरपालिकामा १९ वटा वडाहरू रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजातिहरूको बसोवास रहेको पाइन्छ । कीर्तिपुर नगरपालिको घरसंख्या १९४४१ रहेको छ भने यस नगरपालिकाको कूल जनसंख्या ६५६०२ मध्ये पुरुष ३६४७६र महिला २९१२६ रहेको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ

**तालिका १: कीर्तिपुर नगरपालिकाको वडागत जनसंख्या विवरण**

| क्र.सं. | जम्मा घर संख्या | पुरुष | महिला | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| १. | १९१५ | ३६७४ | ३०३४ | ६७०८ |
| २. | १८६३ | ३६१० | ३११८ | ६७२८ |
| ३. | २५०२ | ४३५२ | २९९१ | ७३४३ |
| ४. | ६९० | १३२४ | १०७२ | २३९३ |
| ५. | ९८५ | १९०१ | १५३८ | ३४३९ |
| ६. | ४२९ | ८३७ | ८४४ | १६८१ |
| ७. | ७०० | १४५३ | १२२४ | २८७७ |
| ८. | ५०४ | ११३३ | ११६३ | २२९६ |
| ९. | ७७१ | १३३९ | ९३३ | २२७२ |
| १०. | ५८८ | ११०८ | ८२६ | १९३४ |
| ११. | ११४८ | २१४० | १५४१ | ३६८१ |
| १२. | ८७९ | १६८१ | १३९६ | ३०७७ |
| १३. | ३६० | ६७५ | ७११ | १३८६ |
| १४. | ४६८ | १०४७ | १०२२ | २१२९ |
| १५. | ८५० | १८६४ | १९०३ | ३७६७ |
| १६. | ७९२ | १४२९ | १०८१ | २५१० |
| १७. | २०५३ | ३४८२ | २२५० | ५७३२ |
| १८. | १७२२ | २९३४ | १७२७ | ४६६१ |
| १९. | २२२ | ४९३ | ४९२ | ९८५ |
| जम्मा | १९४४१ | ३६४७६ | २९१२६ | ६५६०२ |

स्रोत: National Census, 2011.

माथिको  तालिका अनुसार कीर्तिपुर नगरपालिका अन्तर्गत जम्मा घर संख्या १९४४१ र कूल जनसंख्या ६५६०२ रहेको छ । यस नगरपालिकामा पुरुषको जनसंख्या ३६४७६ र महिला २९१२६ रहेको छ। सबैभन्दा बढी जनसंख्या वडा नं. ३ मा ७३४३ छ भने सबैभन्दा कम वडा नं. १९ मा ९८५ रहेको छ जसमा पुरुषको जनसंख्या  ४९३ र महिलाको ४९२ रहेको छ ।

कीर्तिपुर नगरपालिकामा १९ वटा वडाहरू रहेका छन् । अध्ययन क्षेत्र कीर्तिपुर नगरपालिका वडा नं. १२ मा अवस्थित रहेको छ। यस वडामा बाहुन, क्षेत्री, नेवार, मगर, सार्की, दमाई लगायत अन्य केही जातजातिहरूको पनि बसोवास रहेको पाइन्छ । कीर्तिपुर नगरपालिका वडा नं. १२ को घरसंख्या ८७९ र कूल जनसंख्या ६५६०२ मा पुरुषको जनसंख्या  १६८१ र महिलाको जनसंख्या १३९६ रहेको छ। कीर्तिपुर नगरपालिका वडा नं. १२ मा बसोबास गर्ने थापा क्षेत्री मध्ये ९० वटा परिवार लाई

## ४.६ कीर्तिपुर नगरपालिकाको जातिगत आधारमा जनसंख्याको विवरण

कीर्तिपुर नगरपालिका भित्र विभिन्न जात/जातिहरूको वसोवास रहँदै आएको छ । यस नगरपालिकामा नेवार जातिको सबैभन्दा बढी वसोवास रहेको छ । त्यस्तै गरी यहाँ ब्रह्मण, क्षेत्री, मगर, सार्की, दमाई, तामाङ आदि प्रजातिहरूको मुख्य रूपमा बसोवास रहँदै आएको छ भने अन्य जात/जातिहरूको नगन्य रूपमा रहेको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ जातजातिको आधारमा जनसंख्या विवरण**

| क.सं. | जात/जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेवार | २२३९६ | ५४.८५ |
| २. | क्षेत्री | ७७६३ | १९.० |
| ३. | ब्राह्मण | ५१५९ | १२.६३ |
| ४. | तामाङ | १४६१ | ३.५७ |
| ५. | मगर | ७७८ | १.९० |
| ६. | नछुट्टिएको जनजाति | ३५८ | ०.८७ |
| ७. | सार्की | ३३६ | ०.८२ |
| ८. | राई | २६० | ०.६३ |

| | | | |
|---|---|---|---|
| ९. | गुरुङ | २२४ | ०.५४ |
| १०. | दमाई | २१८ | ०.५३ |
| ११. | शेर्पा | १७९ | ०.४३ |
| १२. | थारु | १६० | ०.३९ |
| १३. | यादव | ११८ | ०.२८ |
| १४. | ठकुरी | १०० | ०.२४ |
| १५. | कामी | ९६ | ०.२३ |
| १६. | मुस्लिम | ७९ | ०.१९ |
| १७. | मलाई | ७१ | ०.१७ |
| १८. | कोइरी | ६४ | ०.१४ |
| १९. | नछुट्टिएको दलित | ४८ | ०.१२ |
| २०. | अन्य जात/जाति | ६४५ | १.५७ |
| | जम्मा | ४०८३५ | १००.०० |

स्रोतः CBS, 2011.

माथिको तालिका अनुसार कीर्तिपुर नगरपालिकामा सबैभन्दा बढी जनसंख्या नेवारको रहेको छ र त्यसपछि क्षेत्री, ब्राह्मण, तामाङ, मगरको रहेको छ । अन्य जातिको जनसंख्या नगण्य रूपमा रहेको छ । यो नगरपालिकामा सबैभन्दा बढी नेवार २२३९६ (५४.८५%) रहेको छ भने सबैभन्दा थोरै कोइरीको जनसंख्या ६४ अर्थात् ०.१५ प्रतिशत रहेको छ । क्षेत्री जातिको जनसंख्या ७७६३ अर्थात् १९.०% रहेको छ । यसै तथ्यांकबाट पनि के प्रष्ट हुन्छ भने क्षेत्री जातिको जनसंख्या यस नगरपालिकामा दोस्रो स्थानमा रहेको छ । ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, मगरको जनसंख्या ९१.६८ प्रतिशत रहेको छ भने अन्य जातिहरूको ८.३२ प्रतिशत रहेको छ ।

## ४.७ खस (क्षेत्री) जातिको परिचय

खस भन्नाले आजभोलि क्षेत्री र ब्राह्मण जाति भन्ने अर्थ लाग्दछ । तर पहिले खसको अर्थ एउटा खास जाति बुझाउने तात्पर्यमा प्रयोग हुन्थ्यो, जसमा ब्राह्मण, क्षेत्री आदि सबै वर्गका व्यक्ति समाविष्ट हुन आउथे । नेपालमा खस शब्दको अर्थ आज सङ्कुचित हुँदै आए पनि नेपाल भन्दा पश्चिम कुमाउँ-गढवाल आदि ठाउँमा प्राचीन समयमा जुन

अर्थमा प्रयोग हुन्थ्यो त्यही अर्थमा आज पनि खस शब्द प्रयोग हुन्छ । जस्तै खस ब्राह्मण, खस क्षेत्री आदि । खस नामधारी पचासौं प्रकारका थर भएका जनता यहाँ पाइन्छन् । सुगौली सन्धी अघि र पछि नेपालीहरूको सम्बन्ध त्यस क्षेत्रसित बराबर रहेको पाइन्छ (शर्मा, २०५८: २२१) । त्यस क्षेत्र बाट नै नेपालका खसहरू भारतबाट प्रवेश गरेको अनुमान लगाउन सकिन्छ ।

नेपाली समाजमा खसहरू पनि छन् जो क्षेत्रीहरूकै गणनामा वा बाहुनकै गणनामा आउँदछन् । पूर्वी नेपालमा खसको भावना छैन तर सुदुरपश्चिमी नेपालमा त्यो स्पष्ट रूपमा पाइन्छ । यी खसहरू इसाको प्रारम्भतिर यता पसे र पछि धर्म परिवर्तनद्वारा क्षेत्रीहरू मात्र होइन ब्राह्मणमा समेत प्रवेश गरे । त्यसैकारण खसहरू ब्राह्मण क्षेत्री दुवै छन् (शर्मा, २०५८: ७७) । परशुरामका बाबुको आश्रम उजाड पारेर नष्ट पार्ने क्षेत्री जमदग्निलाई मारेपछि परशुरामले सम्पूर्ण क्षेत्रीहरूको वंशको नास भएको र बाँकी उनको डरले ब्राह्मण हुन पुगे भने कोही यज्ञोपवीतहीन व्रात्यक्षत्रीय पनि भएका छन् । नेपालको सुदूरपश्चिम पहाडमा बस्ने मतवाली क्षेत्रीहरू पनि आफू यज्ञोपवीतहीन हुने कारणमा परशुरामकै भएको कुरा बताउँदछन् ।

खसानको पुरानो बस्ती छोडेर पूर्वतिर लागेपछि मात्रै खसहरूले आफ्नो पुरानो परम्परा छोडेर सजिलैसँग जनै लगाउन सक्ने हुनाले आफूलाई खस भन्न छोडेर क्षेत्री भन्ने गर्छन् । त्यसैले खस भन्ने जनजाति सुदुरपश्मिममा मात्र बाँकी रहेका देखिन्छन् । उनीहरूको थर, भाषा र अनुहार एकै हुनाले जात उकालेर क्षेत्री बन्न खासै गाह्रो पनि पर्दैन (विष्ट, २०६४: ६१) ।

नेपाली भूमिमा अनादिकालदेखि बसोवास गर्दै आएका खस क्षेत्रीहरू आदिवासी जाति हुन् भन्ने सन्दर्भमा विभिन्न पौराणिक ग्रन्थ, साहित्य, ऐतिहासिक एवं पुरातात्विक अन्वेषण तथा अध्ययनबाट प्रमाणित हुन्छ । यहाँ विभिन्न अवधारणा र ऐतिहासिक प्रमाणलाई संक्षिप्त वर्णन गर्दा खसहरू आर्य जातिका र काश्मीरी जस्तै भएको तर्क अघि सार्दै उनीहरू यहाँ भारत युद्धकाल (१२००-१४०० ई.पू.) तिर शतलज नदीका माथिल्ला भागमा र मानसरोवर लेक वरिपरि बस्ने गरेको उल्लेख रवट शेफरले गरेका छन् । उनले खसहरूलाई नेपाल र कुमाउँका हिमाली क्षेत्रका बासिन्दा मान्छन् भने अर्का विद्वान् ग्रिअरसनले खसहरूका पुर्खा मध्य एशियाबाट पश्चिम भारत हुँदै हिमालयका पाद्भाग भएर नेपालसम्म बसोवास गरेको उल्लेख गर्दै ती जातिहरू खस क्षेत्री भएकाले उनीहरूको भाषालाइ खस भाषा भनिएको र

त्यही भाषालाइ पछि नेपाली भाषा भनिएको स्पष्ट पार्दछन् (क्षेत्री, २०६६:१६) । खस जाति नेपालको एक सुविख्यात लडाकु र वीर जाति हो, जो नेपाल, सिक्किम, भुटान, कुमाउ, गढवाल, काँगडासम्म व्याप्त रह्यो र हाल त्यही स्थितिमा रहेको छ । कर्णाली जिल्लमा सिञ्जा उपत्यकामा १२ औं देखि १४ औँ शताब्दीसम्म खसले आफ्नो राज्य विस्तार गरेका थिए । जसलाई नेपालका प्राचीन खसहरूको महत्वपूर्ण राज्यको रूपमा लिइन्छ । त्यसैले यस जातिको राज्यको केन्द्र नेपाल नै रहेको पाइन्छ । जसका कारण यो देश खस देश सम्बोधित हुन पुग्यो र यो जाति एउटा प्राचीन जातिमा पर्दछ ।

खस क्षेत्रीहरू यथार्थमा यसै भूमिका आदिवासी भूमि पुत्र हुन् तर आफ्नै इतिहास प्रतिको अनभिज्ञता र अल्प ज्ञानका कारण उनीहरू मध्ये कतिपयले आफ्ना पुर्खाहरू भारतको चितौरगढका राजपूतसँग जोड्दछन् भने ब्राह्मणहरू कान्कुब्ज र गौड देशको सपना देख्दछन् । तर उनीहरू कुमाउ गढवाल हुँदै पश्चिम नेपाल प्रवेश गरेका सबै क्षेत्री बाहुनहरू खस हुन् । यसरी पश्चिम नेपालबाट पूर्वतिर लागेका खसहरूले आफूलाई क्षेत्री लेख्दै आएको पाइन्छ । यद्यपि लोकतन्त्रको सफलता पछि क्षेत्रीहरूका समाज गठन हुँदै जाने क्रममा खस क्षेत्री भन्ने चलन देशभरि चलेको पाइन्छ ।

# अध्याय - पाँच

# तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

यस अध्यायमा क्षेत्री जातिको विवाह पद्धति अन्तर्गत परिवर्त्यहरूको तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

## ५.१ परिवारप्रतिको अवधारणा

परिवार मानव संस्कृति र सभ्यताको आधार हो । परिवार भनेको एउटा सार्वभौमिक संस्था हो । संसारमा मानव समाज संरचनाको एक सार्वभौमिक प्राथमिक एवं आधारभूत सामाजिक संस्थाको रूपमा लिन सकिन्छ । मानव समाजलाई निरन्तरता दिने वा जीवन्त राख्ने सर्वाधिक महत्वपूर्ण संस्था सामाजिक संस्था  हो । परिवार संस्कृतिको केन्द्रबिन्दु हो भन्न सकिन्छ । विवाह र प्रजननद्वारा स्थापित हुने स्थापित हुने आमा-बाबु र बच्चाको त्रिकोणात्मक सामाजिक समूह वा संरचनालाई परिवार भन्न सकिन्छ । परिवार भनेको त्यस्तो सामाजिक संस्था हो जहाँ व्यक्तिको व्यक्तित्व निर्माण गर्ने, मानिसको आधारभूत आवश्यकता परिपूर्ति हने, सांस्कृतिक मूल्य र मान्यता सिकाउने, रक्त शुद्धता, सम्पत्ति साथै सांस्कृतिक सम्पदालाई हस्तान्तरण गर्ने महत्वपूर्ण पाठशाला हो । वास्तवमा भन्ने हो भने परिवार समाजले मान्यता दिएको विवाह प्रथा तथा रक्त सम्बन्धद्वारा स्थापित दुई वा दुईभन्दा बढी व्यक्तिहरूको आपसी सम्बन्धमा बाँधिएको समूह हो । जसमा श्रीमान, श्रीमती, छोरा, छोरी रहेको हुन्छ । यसै सन्दर्भमा मेकाइभर र पेजको विचारमा "परिवार बच्चाको उत्पत्ति र स्थायी यौन सम्बन्धद्वारा परिभाषित एक समूह हो" (मेकाइभर एण्ड पेज, १९८५: २३८) ।

क्षेत्री समाज पितृसत्तात्मक समाज हो । यस समाजमा लोग्ने मानिसले नै सामाजिक सम्बन्धको नेतृत्व गरेका हुन्छन् । बाबुको शेषपछि जेठो छोरा नै घरको हर्ताकर्ता हुने गर्दछ । पितृकार्य, देवकार्य, सम्पत्तिको अधिकार पनि छोरामा अन्तरनिहित हुन्छ । घर व्यवहारको सम्पूर्ण काम छोरामा रूपान्तरित भएको पाइन्छ । हालसम्म पनि क्षेत्री समाजमा छोरा जन्मदा विशेष मान्यता दिने चलन रहेको छ ।

### ५.१.१ नमूना छनौटमा परेका उत्तरदाताहरूको पारिवारिक संरचना

परिवारको संरचना मुख्य गरेर तीन प्रकारका छन्-

१. एकात्मक परिवार- एकात्मक परिवार भन्नाले लोग्ने स्वास्नी र उनीहरूका अविवाहित छोराछोरीहरूलाई बुझाउँदछ ।

२. संयुक्त परिवार- संयुक्त परिवार भन्नाले आमा बाबु, विवाहित छोरा, अविवाहित छोरा र छोरीलाई जनाउँदछ ।

३. बृहत परिवार- बृहत परिवार भन्नाले आमा बाबु, बाबुको दाजुभाई विवाहित र अविवाहित छोराछोरीसमेतलाई बुझाउँदछ ।

माथि उल्लेखित परिवारका किसिम भए अनुसार क्षेत्री जातिको परिवारको संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.३ : नमूना छनौटमा परेका परिवारको वनौटको आधारमा पारिवारिक विवरण**

| पारिवारिक किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ५६ | ६२.२० |
| संयुक्त परिवार | २४ | २६.७० |
| वृहत परिवार | १० | ११.१० |
| जम्मा | ९० | १००.०० |

स्रोत– स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार एकात्मक परिवारको संख्या ५६ (६२.२० प्रतिशत) रहेको छ भने संयुक्त परिवारको संख्या २४ (२६.७० प्रतिशत) रहेको छ र बृहत परिवारको संख्या १० (११.१० प्रतिशत) रहेको छ ।

क्षेत्री समाजमा अहिले पनि संयुक्त परिवारलाई आर्थिक तथा सामाजिक रूपमा मर्यादित रूपमा लिने गरेको पाइन्छ । यस्तो मर्यादित रूपमा लिइनुको मुख्य कारण घरमुलीको आवश्यक निर्देशनले परिवार नियन्त्रित तथा व्यवस्थित रूपमा अगाडि बढेको हुन्छ । परिवारमा आइपर्ने कुनै समस्या सामूहिक रूपमा समाधान गर्न सजिलो पर्दछ । क्षेत्री जातिमा एकात्मक परिवारलाई बढी रुचाए पनि अध्ययन क्षेत्रको अध्यनले संयुक्त परिवार

अझै पनि २६.७० प्रतिशत रहेको छ । ठूलो परिवारबाट आफ्ना इच्छा आकांक्षा र आवश्यकता परिपूर्ति नहुने देखिएकाले एकल परिवारतर्फ मानिसहरू ढल्किदै गएको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने संयुक्त परिवारको आकार घट्दै जाने र एकल परिवारको आकार बढ्दै जानुले गर्दा परिवारहरू परिवर्तनमुखी भएका छन् भन्ने कुरा देखाउँछ ।

## ५.१.२ नमूना छनौटमा परेका उत्तरदाताहरूको परिवारको आकार

परिवार एउटा यस्तो सामाजिक समूह हो जसमा सामान्य माता, पिता र उसको बालबच्चाहरू रहेका हुन्छन् । हाम्रो देशमा परिवारको आकारको बारेमा कुरा गर्ने हो भने यहाँ समानता पाइँदैन । नेपालमा अशिक्षा, धार्मिक रुढिवादी आदिको कारणले जनसंख्याको प्रजनन दर घटाउन सकिएको छैन । यहाँ कसैले दर्जनौं बच्चाहरू जन्माएका छन् भने कसै कसैले दुइवटामा सीमित गराएका पनि पाइन्छन् । यस्तो हुनुमा छोरा र छोरीको चाहना गर्ने आमा बाबुको कारणबाट हुन गएको हो । नमूना छनौटमा परेका उत्तरदाताहरूको परिवारको आकार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४: नमूना छनौटमा परेका उत्तरदाताहरूको परिवारको आकार**

| क.सं. | परिवारका सदस्यहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धेरै सानो (१-२) | ४ | ४.४४ |
| २. | सानो (३-५) | ४६ | ५१.११ |
| ३. | मध्यम (६-८) | २८ | ३१.११ |
| ४. | ठूलो (९ भन्दा माथि) | १२ | १३.३३ |
| जम्मा | | ९० | १००.०० |

**स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।**

माथिको तालिका अनुसार धेरै सानो १-२ सदस्य भएको परिवारको संख्या ४ (४.४४ प्रतिशत), सानो परिवार सदस्य ३-५ भएको ६६ (५१.११ प्रतिशत), मध्यम परिवार ६-८ सदस्य भएको परिवार संख्या २८ (३१.११ प्रतिशत) र ठूलो परिवार सदस्य भएको परिवार ९ सदस्य भन्दा माथिको परिवार संख्या १२ (१३.३३%) रहेको पाइयो । यस अध्ययनमा सबैभन्दा बढी ३-५ सदस्य भएको परिवारको संख्या ५१.११ प्रतिशत को बाहुल्यता पाइयो ।

### ५.१.३ नमूना छनौटमा परेका उत्तरदाताहरूको पारिवारिक आकारसम्बन्धी धारणा

नमूना  छनौटमा परेका उत्तरदाताहरूसँग तपाई कस्तो परिवारको आकार मन पराउनु हुन्छ भन्ने प्रश्नको जवाफमा उत्तरदाताहरूको उमेर समूह अनुसारको धारणा निम्नानुसार रहेको छ–

**तालिका नं. ५: नमूना छनौटमा परेका उत्तरदाताहरूको पारिवारिक आकारसम्बन्धी धारणा**

| उमेर समूह | एकात्मक परिवार | संयुक्त परिवार | जम्मा |
|---|---|---|---|
| २५ भन्दा कम | २४ | ४ | २८ |
| २६ देखि ४० सम्म | १६ | २० | ३६ |
| ४१ भन्दा माथि | १० | १६ | २६ |
| जम्मा | ५० | ४० | ९० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार ५५ प्रतिशतले एकात्मक परिवारलाई मन पराएका छन् भने ४५ प्रतिशतले संयुक्त परिवारलाई मन पराएको पाइएको छ । संयुक्त परिवार र एकल परिवारको बीचमा खासै अन्तर नदेखिएता पनि एकल परिवार प्रतिको रुचि भने बढी नै देखिन्छ । यसरी संयुक्त परिवार टुक्रदै जानुमा मुख्य गरेर आम्दानीको स्रोत, वर्तमान समाजमा सामाजिक भलाईलाई भन्दा व्यक्तिगत भलाईलाई महत्व दिने, व्यक्तिगत उन्नति र प्रगतिको लागि अघि बढ्ने जस्ता कारणले गर्दा संयुक्त परिवार प्रथा टुक्रिन गएको देखिन्छ ।

### ५.१.४ क्षेत्री समाजमा सक्रिय तथा निष्क्रिय जनसंख्या

कुनै पनि समाज, राष्ट्र वा देशको सामाजिक, आर्थिक व्यवस्थाले त्यस समुदायको उमेरगत संरचना, सकृय र निष्क्रिय जनसंख्याको संरचनाले त्यहाँको स्वरूप स्पष्ट पार्दछ । त्यसैले अध्ययन क्षेत्रको सक्रिय र निष्क्रिय जनसंख्याको वनौटलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. ६: क्षेत्री समाजमा सक्रिय तथा निष्क्रिय जनसंख्या**

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सक्रिय जनसंख्या | २०२ | ७५.९३ | १९२ | ७८.०४ | ३९४ | ७६.९५ |
| निष्क्रिय जनसंख्या | ६४ | २४.०६ | ५४ | २१.२५ | ११८ | २३.०४ |
| | २६६ | १०० | २४६ | १०० | ५१२ | १०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार सबैभन्दा बढी जनसंख्या १६-६० उमेर समूहमा रहेको छ जसमा पुरुष २०२ र महिला १९२ रहेको छ । त्यसैगरी ०-१५ उमेर समूहको र ६० वर्ष भन्दा  माथिको जनसंख्या ११८ मा पुरुष ६४ र महिला ५४ जना रहेको देखिन्छ । यस तालिकाबाट के प्रष्ट हुन्छ भने सक्रिय जनसंख्या ३९४ अर्थात् ७६.९५ प्रतिशत रहेको छ भने निष्क्रिय जनसंख्या २३.०४ प्रतिशत रहेको छ ।

### ५.१.५ उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना अनुरूप वर्गीकरण

उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना अनुरूप वर्गीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. ७: उत्तरदाताको इच्छा अनुसार छोरा र छोरीको चाहना**

| क.सं. | उत्तरदताको इच्छा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोरा | ५४ | ५४.४ |
| २. | छोरी | १८ | २०.० |
| ३. | बराबर (छोरा र छोरी जे भए पनि हुने) | ३२ | ३५.६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार छोराको चाहना गर्ने ५४ जना अर्थात् ५४.४ प्रतिशत रहेको छ भने छोरीको इच्छा गर्ने १८ अर्थात् २०.० प्रतिशत र छोरा छोरी दुवै बराबरी भन्ने उत्तरदाताहरू ३२ जना अर्थात् ३५.६ प्रतिशत रहेको देखिन्छ ।

शिक्षाको कमी, परम्परागत धारणा, बुढेसकालमा छोराको साहरा लिनु पर्ने र वंश स्थायित्वको कारणले गर्दा यहाँका उत्तरदाताहरूले छोराको चाहना बढी गरेको पाइयो ।

## ५.२ वैवाहिक प्रक्रिया र किसिम

### ५.२. १ विवाह संस्कृति

हाम्रो हिन्दू धर्मशास्त्रले मानव जीवनलाई वर्णाश्रम व्यवस्था अनुसार बिताउनु पर्ने आध्यात्मिक पक्ष हामी सामु प्रस्तुत गरेको छ । त्यस अनुसार ग्राहस्थ आश्रम पनि एक हो । जसमा विवाह पश्चात मात्रै प्रवेश गर्न सकिन्छ । विवाहको आध्यात्मिक बन्धन शुद्ध भएकाले एक पटक पतिपत्नीको बन्धनमा बाधिँएपछि यो सम्बन्ध विच्छेद हुन गाह्रो पर्दछ । दाम्पत्य जीवनलाई हाम्रो संस्कृतिले आध्यात्मिकताको गहिरो बन्धन मानेकाले जन्माजन्मान्तरको सम्ब्न्धबाट मिलन हुने र जन्म जन्मान्तरसम्म यो अक्षुण रूपमा  रही रहने मानिएको छ । अविवेक कदमहरू रोक्न सभ्य तरिकाले जीउन र धर्मको नामबाट पनि समाजलाई आध्यात्मिक मर्यादापूर्ण वैवाहिक संस्कार प्रदान गरिएको हो (तिवारी, २०२६ )।

विश्वमा विभिन्न जात, धर्म, संस्कृति, समाज र परम्परा अनुसार विवाह गर्ने तरिका र बुझाई फरक-फरक रहेको परिवेशमा विवाहको उद्देश्य भने एउटै रहेको पाइन्छ । विवाह संस्कृतिको अध्ययन गर्दा क्षेत्री समाजमा पनि विवाह कार्य सम्पन्न गर्ने तरिका र प्रकारहरू आफ्नै मौलिक खालका रहेका छन् । यहाँका समुदायमा एउटै गोत्र, प्रवरमा विवाह नगरी विगोत्र, प्रवर भिन्नै भएको, सपिण्ड नपर्ने, सजाति, सधर्मका व्यक्तिहरूका बीचमा विवाह कार्य गर्ने चलन छ । यस क्षेत्री समाजमा परम्परागत मागी विवाह पद्धति बढी प्रचलनमा रहे पनि भागी विवाह वा प्रेम विवाह, विधुर/विधवा विवाह, अन्तरजातीय विवाह आदि प्रचलनमा रहेको पाइन्छ ।

### ५.२.२ अध्ययन क्षेत्रमा प्रचलित विवाह प्रथा

यस क्षेत्री जनसमुदायमा स्थापित वैवाहिक पद्धति स्थिर नभएको भेटिन्छ । कुनै पद्धति बढी ग्राह्य बन्दै जाने क्रममा छन्  भने कुनैले क्रमशः वैद्यता गुमाउँदै गएका छन् ।

यसरी कालान्तरमा स्थापित वैवाहिक पद्धतिको रूपान्तरण भएको छ र नयाँ पद्धतिहरू स्थापित हुँदै गएका छन् । यस क्षेत्री जनसमुदायमा विभिन्न विवाह पद्धतिहरू कायम छन् । 'मागी' विवाह जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित विवाह भन्न सकिन्छ, यी मध्येको एउटा पद्धति हो । 'प्रेम' विवाह जुन विवाह गर्ने केटा र केटीको इच्छा अनुसार हुन्छ, यो अर्को विवाह पद्धति हो ।

यिनका साथै पनि अन्य विशिष्ट विवाह पद्धतिहरू विद्यमान छन् । जस्तैः जारी विवाह, विधवा/विधुर विवाह, वाल विवाह, श्रृंखलायुक्त विवाह, वहुविवाह (वहुपत्नी, वहुपति प्रथा अन्तर्गत), एक विवाह, क्रमबद्ध एकल विवाह आदि । यी विभिन्न पद्धतिका आ-आफ्नै छुट्टै परिवेश छन् । तर यी पछिल्ला कोटीका विवाहहरू समेत कि त 'मागी' पद्धति अनुसार हुन्छ, कि त 'प्रेम' पद्धति अनुसार ।

यस क्षेत्री जनसमुदायमा विवाह मानव जीवनमा आइपर्ने विभिन्न संस्कारहरू मध्ये एक महत्वपूर्ण संस्कार मानिन्छ । । विवाहबाट परिवारको निर्माण हुन्छ । प्रत्येक समुदाय तथा जात/जातिहरूको वैवाहिक परम्परामा एक रूपता पाइँदैन । ठाउँ तथा जाति अनुरूप वैवाहिक परम्परामा भिन्नता देखिन्छ । यद्यपी क्षेत्री जातिको वैवाहिक परम्परा पनि विभिन्न ठाउँ अनुसार फरक फरक हुनसक्छ ।

विशेष गरेर क्षेत्री जातिमा आफ्नो जातीय तह अन्तर्गत रहेर विवाह गर्ने चलन छ । अर्थात् यिनीहरू पनि आफ्नो वैवाहिक पद्धतिमा गोत्र बाहिर जातभित्रको परिपाटीलाई अवलम्बन गरेर विवाह गर्ने गर्दछन् । क्षेत्री जाति भित्र रगतको नाता र हाडनातामा विहेवारी चल्दैन । सकेसम्म यिनीहरू आमा र बाबु दुवैतर्फको सात पुस्ता बाहिर विहेवारी चलाउँछन् ।

क्षेत्री समाजमा छोराछोरी ठूलो भएपछि विवाह गर्नुभन्दा पहिले छोरा छोरी दुवैको विभिन्न संस्कारहरू पूरा गरिन्छ, जस्तै छोराको छेवर, चूडाकर्म (व्रतवन्ध) आदि । त्यसपछि बढेको छोरा छोरीको विवाह गरिदिने चलन छ । आफ्नो जातिभित्र असल केटा खोजी विवाह गरेको प्रायः अध्ययन क्षेत्रमा देखिन्छ । विवाहको शुरुवातमा यिनीहरू लमी वा इष्टमित्र मार्फत् कुरा अघि बढाउँछन् अर्थात् केटापक्ष र केटीपक्ष दुवैलाई लमीद्वारा भेट गराइन्छ । सर्व प्रथम लमीद्वारा केटीको घरमा गएर कुरा छिन्ने काम हुन्छ । सोही दिनमा विवाहको लागि सम्पन्न गरिनु पर्ने सम्पूर्ण कार्यको मिति तोकिन्छ ।

विवाह प्रायजसो युवा अवस्थामा गर्ने चलन यहाँको क्षेत्रीहरूमा पाइन्छ । रजस्वला हुनुभन्दा अगाडि नै ब्राह्मण क्षेत्री जातिको केटीको वालविवाह गर्ने चलन केही वर्ष अघिसम्म रहेको थियो । तर हाल आएर यहाँ केटीको १६ वर्ष र केटाको १८ वर्षको उमेर भएपछि मात्र  कानूनी व्यवस्था अनुरूप विवाह गर्ने प्रचलन रहेको पाइन्छ । कम उमेरमा विवाह गर्नाले आमा र शिशुको स्वास्थयमा नकरात्मक असर परी उच्च मातृ तथा शिशु मृत्युदर रहन जाने हुन्छ भने अर्कोतर्फ कम उमेरमा विवाह हुनाले विशेष गरी महिलाहरू शिक्षा आर्जन गर्न र रोजगारमूलक सीप सिक्नबाट बञ्चित हुनुका साथै अनियन्त्रिण रूपमा जनसंख्या बृद्धि हुन्छ ।

क्षेत्री जातिको विवाह गर्दाको उमेर तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका नं. ९: उत्तरदाताहरूको विवाह गर्दाको उमेरको स्थिति**

| क.सं. | विवाह हुँदाको उमेर | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-२० | ४८ | ५३.३३ |
| २. | २१-२५ | २६ | २८.८८ |
| ३. | २६ वर्ष भन्दा माथि | १६ | १७.७७ |
| जम्मा | | ९० | १००.०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तीलका अनुसार आधाभन्दा बढी अर्थात् ५३.३३ प्रतिशत १५-२० वर्षको उमेरमा विवाह भएको पाइयो भने २१-२५ वर्षको उमेरमा २८.८८ प्रतिशत र २५ वर्षभन्दा मीथको उमेर विवाह १७.७७ प्रतिशत भएको कुरा माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

अध्ययन क्षेत्रका क्षेत्री जातिहरूमा सामान्यतया मागी विवाह नै प्रचलित छ । आमाबाबुले आफ्नो छोरा छोरीको लागि योग्य वर तथा बधु खोजेर आफ्नो नातेदार वा लमी मार्फत् दुवै पक्षको सहमतिमा वैवाहिक कार्य सम्पन्न गर्ने गरेको पाइन्छ । आजकल यस जातिमा प्रेम विवाहको प्रचलन पनि बढ्दै गएको पाइन्छ । केटाकेटीले एक अर्कालाई मन पराएर परिवारको स्वीकृति लिई वा नलिई विवाह गरेको पाइन्छ । यस प्रकारको विवाहमा लमीको आवश्यकता पर्दैन । त्यस्तै यस जातिमा भागी विवाह वा चोरी विवाह न्यून रूपमा पाइन्छ ।

अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षेत्री जातिमा प्रचलित वैवाहिक स्थिति अनुसार वर्गीकरण गरिएको छ-

**तालिका नं. १०: वैवाहिक स्थिति अनुसार वर्गीकरण**

| क.सं. | विभिन्न किसिमका विवाह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकपत्नी विवाह | ८० | ८७.३३ |
| २. | बुहपत्नी विवाह | ६ | ६.६६ |
| ३. | विदुर/विधवा विवाह | ४ | ४.४४ |
| जम्मा | | ९० | १००.०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षेत्री जातिको विवाहको स्थिति अनुसार एकपत्नी विवाह गर्नेहरूको संख्या ८० (८७.३३ प्रतिशत) रहेको छ भने बहुपति विवाह गर्नेको संख्या ६ (६.६६ प्रतिशत) रहेको छ भने विदुर/विधवा विवाह गर्नेको संख्या ४ (४.४४ प्रतिशत) रहेको छ । माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने यहाँ वसोवास गर्ने जातिले एकपत्नी विवाह प्रथालाई नै महत्व दिएको पाइन्छ ।

### ५.२.३. अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षेत्री जातिको प्रचलित विवाह पद्धति

विवाह एउटा यस्तो संस्कार हो जो प्रत्यक जात तथा ठाउँ अनुसार फरक फरक हुन्छ । यी विभिन्न जाति तथा समुदायहरूमा प्रायः सबै किसिमको विवाहहरू पाइन्छ । त्यस्तै यस क्षेत्रमा पनि एकपत्नी विवाह, विधवा विवाह, मागी विवाह, प्रेम विवाह, चोरी विवाह, अन्तरजातीय विवाह वर्तमान समयमा प्रचलित रहेको कुरा स्थलगत सर्वेक्षणबाट प्रष्ट हुन आएको छ । यस क्षेत्रमा वसोवास गर्ने क्षेत्री जातिको वैवाहिक किसिम अनुसार वर्गीकरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं.११: वैवाहिक किसिम अनुसार वर्गीकरण**

| क.सं. | विवाहको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | ७० | ७६.५ |
| २. | प्रेम विवाह | १० | ११.११ |
| ३. | अन्तरजातीय विवाह | ८ | ८.८८ |
| ४. | भागी विवाह | २ | २.२२ |
| जम्मा | | ९० | १००.०० |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकाबाट ७६.५ प्रतिशत आमा बाबुको मञ्जुरीबाट मागी विवाह गरेको पाइयो भने ११.१ प्रतिशत प्रेम विवाह, अन्तरजातिय विवाह ८.८८ प्रतिशत र भागी वा चोरी विवाह २.२२ प्रतिशतले गरेको पाइयो । यसरी यस क्षेत्रमा वसोवास गर्ने क्षेत्री जातिको विवाह पद्धतिमा मागी विवाह नै प्रचलित रहेको पाइन्छ ।

अध्ययन क्षेत्रमा रहेका क्षेत्री जातिमा प्रचलित विवाह पद्धतिमा मागी विवाह पद्धति बढी मात्रामा प्रचलित रहे पनि प्रेम विवाह, भागी विवाह, विधुर/विधुवा विवाह, अन्तरजातीय विवाह, वहुविवाह आदि प्रचलनमा रहेको पाइन्छ ।

### ५.२.३.१ मागी विवाह

मागी विवाह क्षेत्री जातिमा परम्परागत रूपमा नै चल्दै आएको प्रचलित विवाह पद्धति हो । मागी विवाह भन्नाले केटी तथा केटाहरूले मन पराएर वा चाहेर भन्दा पनि अभिभावकहरूको चाहना र पहलमा आवश्यक सबै प्रकारका विधिहरू पुऱ्याएर गरिएका विवाह हो । मागी विवाहमा पहिले नै केटी र केटा बीचमा प्रेम बसे पनि जात, धर्म, विवाह गर्न योग्य भएमा केटी पक्षसँग केटा पक्षले मागेर नै विवाह गरिन्छ भने यी कुराहरू नमिलेमा विवाहलाई स्थगित गरिन्छ । यस क्षेत्री जनसमुदायमा विवाह गर्दा समान प्रवर, गोत्र र एउटै पिण्ड नपर्ने, एउटै धर्म भएको, सजातीयलाई मागी विवाह गर्ने चलन छ । केटीलाई माग्दा केटा र उनीहरूको अभिभावकको खानदान अर्थात् सामाजिक स्तर, जात, आर्थिक अवस्था, केटाकेटीका शिक्षा र पेशाको विचार गरेर मात्र माग्ने चलन छ । अध्ययन

क्षेत्रमा अधिकांशको मागी विवाह भएको पाइयो, जसमा ७२ अर्थात् ७२.५ प्रतिशत रहेको छ ।

### ५.२.३.१.१ केटीको चिना माग्ने प्रक्रिया

केटा पक्ष तिरका मानिसले आफ्नो छोराको विवाह गर्नका लागि केटी माग्दा पहिले अनौपचारिक रूपले भए पनि केटी हेर्ने विचार गर्ने गरिन्छ । यसका लागि कुन केटी माग्ने हो अथवा उसको परिवारको स्तर कस्तो छ भन्ने कुरा पत्ता लगाउन केटीका गाउँतिर केही निहुँ बनाएर घुम्न गई केटीको बारेमा बुझ्ने पनि गरिन्छ । अरुको विवाह, व्रतबन्ध तथा इष्टमित्र केटीको गाउँमा भएमा त्यहाँ उपस्थित भई अनौपचारिक रूपमा हेर्ने, बुझ्ने गरिन्छ । यस्तो विचार गर्ने काम प्रायजसो केटा पक्षका अभिभावकले गर्ने गर्दछन् । कुनै ठाउँमा जात्रा, मेला, पर्व, उत्सव, विद्यालय, मन्दिर आदि ठाउँबाट पनि अनौपचारिक रूपमा विचार गर्ने गरिन्छ भने दुवै तर्फका व्यक्तिहरूले आफ्ना इष्टमित्रहरू अथवा लमीबाट पनि कुराकानी बुझ्ने गरिन्छ ।

यस क्षेत्री समाजमा केटीको चिना माग्दा सबैभन्दा पहिला घर परिवारका सदस्य र गाउँका जान्ने बुझ्ने बुढापाका मानिसहरू बसेर विवाह गर्नुपर्ने केटालाई कुन गाउँबाट छोरी माग्ने हो त्यसको मामाघर कता हो, कुल घराना कस्तो हो, केटीको चालचलन कस्तो छ यी कुराको विचार गरेर सल्लाह गरिन्छ । यसरी केटी पक्षको सबै कुरा चित्त बुझेमा केटीको चिना मागिन्छ भने यदि केटीको चिना नबनाएको भए कुण्डली ज्योतिष वा पण्डित कहाँ टिपाएर राखेको हुन्छ । यसरी केटी पक्षबाट दिएका चिनालाई केटा पक्षका मानिसले ज्योतिष कहाँ लगेर जुराउने गर्दछन् । ज्योतिषले सबै ग्रह दशा हेरी यसबाट राम्रो, नराम्रो, गुण, भाव ठीक बेठीक सबै कुराको विचार गरिन्छ । सबै ग्रह दशा राम्रो भई केटीको ग्रह भन्दा कोको ग्रह बलियो, केटो जेठो भएमा जुरेको मानिन्छ । जुरमेल कार्य सम्पन्न भए पछि केटा पक्षले केटी नजुरेमा केटी पक्षलाई आफूले मागेर ल्याएको चिना फिर्ता गरी नजुरेको खबर पठाइन्छ भने जुरमेल भई ग्रह दशा राम्रो विवाह गर्न योग्य भएमा केटा र केटीको टीका लगाउने दिनको टुङ्गो लगाउँदछन् । केटी माग्दा दाइजोका कुनै पनि प्रकारको कुरा हुँदैन । यसमा केटी पक्षले आफ्नो अवस्था अनुसार जेजति दिन्छन् त्यसमै केटा पक्षका मानिसहरू सन्तुष्ट हुने गर्दछन् । यसरी विभिन्न प्रक्रिया पुरा गरी केटी मागी सकेपछि दुवै पक्षका व्यक्ति विवाह गर्नका लागि तयार भएपछि केटा पक्षका मानिसहरू ज्योतिष कहाँ

गएर विवाहको लगन तोक्ने समय आदि हेराएर केटी पक्षलाई खबर गरी दुवै पक्षका व्यक्ति ज्योतिषले दिएको दिनमा विवाह गर्न तयारीका साथ अगाडि बढेर विवाह कार्य सम्पन्न गर्ने गरिन्छ ।

यस क्षेत्री समाजमा आजभोलीका विवाहमा केटी माग्नका लागि पहिलेको भन्दा सजिलो रहेको पाइन्छ । केटा केटीहरू उमेरका हिसाबले परिपक्व भई सकेका हुन्छन् । दुवै जना र उनका अभिभावकहरू पनि केही मात्रामा भए पनि शिक्षित र आधुनिक पद्धतिमा बसेका कारणले पहिलेकै जस्तो केटाकेटीका अभिभावकले मात्र हेरेर मनपराएर विवाह नभई केटी र केटा दुवैको पनि मन्जुरीले विवाह गरिएका भएकाले माग्ने परम्परामा परिवर्तन देख्न सकिन्छ । अनौपचारिक रूपले एक अर्को पक्षका बारेमा विचार गर्ने कुरामा जात्रा, मेला, पर्व, कसैको विवाह आदिमा केटी र केटाको राम्रो नराम्रो गुण, चरित्र, चालचलन आदिलाई दुवै पक्षका अभिभावक र दुवै जना एक अर्कामा विचार गरेर हेर्ने गरिन्छ । दुवै पक्षका इष्ट मित्र, साथीभाई आदिबाट पनि एक अर्काका राम्रा नराम्रा कुराहरूमा विचार गर्ने गरिन्छ । हाल केटीको चिना माग्दा जातभात, मामाघर आदिको धेरै मात्रामा विचार नगरेर आर्थिक, सामाजिक, शैक्षिक पक्षको बढी विचार गर्ने गरिन्छ । केटी र केटा पक्षमा प्रस्ताव राख्दा पनि पहिले जस्तो करकाप गरेर नराखी दुवैको पूर्ण मन्जुरीका साथमा प्रस्ताव राखिन्छ र केटा केटी दुवैले कुरा मिलाई सकेपछि सामान्य रूपमा जुर अजुर ज्योतिषबाट हराई विवाह गरि दिने चलन रहेको पाइन्छ । हालका विवाहमा केही मात्रामा दाइजोका कुरा भने उठ्न थालेको पाउन सकिन्छ । केटी मागी विवाह गर्न ठीक्क भई सकेपछि दुवै पक्षमा सामान्य रूपमा दाइजो के कति लेनदेन गर्ने, के कति सामान दिने लिने भन्ने बारेमा सम्झौता गर्ने गरिन्छ । सामान्य रूपले रूपले गर्नु पर्ने प्रक्रिया पूरा गरी केटी मागी सकेपछि एकपल्ट लगनको दिन साइत हेर्न केटा पक्षका मानिस ज्योतिष कहाँ जान्छन् र लगन साइत हेराई केटी पक्षलाई पनि खबर गरी दुवै पक्षले तयारीका साथ विवाह कार्य सम्पन्न गर्दछन् ।

### ५.२.३.१.२ ग्रहपूजा

यस अध्ययन क्षेत्रमा ज्योतिषबाट विवाहको दिन लगन साइत आदि कुरा हेरेकै दिन दुलहाको ग्रह दशा आदि कुरा पनि हेर्ने गरिन्छ । यसमा ग्रह शुभ, अशुभ, के के दान गर्ने हो, के कति जप हवन गर्ने हो सबै कुरा विचार गरेर हेरिन्छ । आफ्ना ज्योतिषहरूले भने वमोजिम पण्डितले विवाह तयार भएर दुलहीको घर जानु भन्दा एक दिन अगाडि नै विभिन्न

ग्रहहरूको पूजा गरी, दान गर्ने र विभिन्न मन्त्र र जपहरू गरी हवन गर्ने र विवाह कार्य राम्रोसँग होस, कुनै पनि प्रकारको अवरोध नआओस भनेर मन्त्र पाठ गरी पूजा सम्पन्न गर्ने गरिन्छ । यस दिन विहानै दुलहा र दुलहीको घरको आँगनमा जग्गे गाँड्ने प्रचलन रहेको छ । यसमा बाँस, पैंयु, केराको बोट र जग्गेको वरिपरि विभिन्न किसिमका फूलहरू, रंगिचगी ध्वजा पतङ्गाहरूले सजाउने गरिन्छ । ग्रहपूजा  गरिसकेपछि त्यसै दिन पितृको तर्पण अर्थात् नन्दीमुखी श्राद्ध गर्ने गरिन्छ । यसमा आफ्ना पितृहरूको पूजाआजा गरी खुसी पारि विवाह कार्य राम्रोसँग सम्पन्न होस्, विभिन्न बाधा अवरोध नआओस् भनेर आफ्ना मृतक पितृहरूलाई सम्झने गरिन्छ ।

यस अध्ययन क्षेत्रमा  हालका  दिनहरूमा ग्रह पूजामा धेरै महत्व नदिई सामान्य रूपमा ग्रह पूजा गर्ने गरिन्छ । ज्योतिषसँग हेर्ने कुरामा त्यति धेरै महत्वका साथ नदिई सामान्य रूपमा लिएर विवाह कार्य अगाडि बढाइन्छ । पितृ श्राद्धका कुराहरू भने सामान्य रूपमा केटा र केटी दुवै पक्षमा गरेको पाइन्छ ।

### ५.२.३.१.३ दुलहाको तयारी र विवाह प्रस्थान

यस अध्ययन क्षेत्रमा  विवाहको तयारी गरी सबै प्रकारका पूजाआजा सम्पन्न गरिसकेपछि बेहुलालाई तयार गरी विवाहमा बजागाजा सहित बेहुलीको घरमा प्रस्थान गर्ने गरिन्छ । यसका लागि बेहुलालाई राम्रोसँग नुहाई धुवाई गरी कपडा लगाउने गरिन्छ । कपडा लगाउँदा ब्राह्मण, बेहुलाका आमाबाबु अन्य ठूला मान्छेहरूले कपडा लगाई टीका समेत लगाइ दिन्छन् । दुबोको माला, टोपी, जुत्ता आदि लगाएर बेहुलालाई तयार पारिन्छ । बेहुला तयार भएपछि बेहुलाका आमा, भाउजु, दिदी वहिनी आदिले विवाह लैजाने साधन डोली, वस, कारको पूजा अथवा सिगार्ने गर्दछन् । यस्तो पूजा गर्न गर्नुको अर्थ विवाह जाने साधनमा कुनै प्रकारको अवरोध नआओस्, राम्रोसँग विवाह केटीको घरमा पुगोस् भनेर कामना गर्नु हो । विवाहमा जान तयार भएपछि बेहुलाले आफ्नी आमालाई दूध खाएको ऋण स्वरूप पैसा दिई विवाह गर्न जाने अनुमति माग्ने चलन छ । विवाह केटीको घरमा जाने समयमा बेहुलाले आफूले सकेजति आमालाई रूपैया र गहना दिएर बेहुली ल्याउनका लागि अनुमति माग्नु पर्ने परम्पराले आमालाई ठूलो महत्वको रूपमा  हेरेको पाइन्छ । विवाहमा जन्ती जानका लागि उपस्थित सबै व्यक्तिहरूलाई टीको टालो लगाई केही खानेकुरा खान दिएर बाजा समेत बजाई जन्ति गइन्छ । विवाह सम्पूर्ण रूपले तयार भई

सकेपछि ब्राह्मणले हातमा दहीको ठेको सहित अगाडि लागेर बाजागाजा सहित वरियात केटीको घरमा प्रस्थान गर्दछ। बाटोमा देवीदेवता भएका ठाउँमा फूल, अक्षता चढाउँदै बाजा बजाई विवाह अगाडि बढ्दछ।

यस अध्ययन क्षेत्रमा हालका विवाहमा बजारमा पाइने राम्रा राम्रा कपडा, माला, श्रृंगार सामाग्री, जुत्ताको प्रयोग गरेर विशेष प्रकारले बेहुलालाई सजाउने चलन चलेको पाउन सकिन्छ। तयार गर्दा गरिएका विधि र प्रक्रियामा त्यति फरक नआए पनि आजभोलिका दिनहरूमा त्यति धेरै महत्व नदिई सामान्य रूपमा कार्यक्रम अगाडि बढाइन्छ। विवाह तयार हुँदा बेहुला पट्टिका इष्टमित्र, नातेदार र आफन्त सबैले टीका लगाई आशीर्वाद दिने चलन बढेको पाइन्छ।

### ५.२.३.१.४ स्वयंभर

यस अध्ययन क्षेत्रमा विवाहको पहिलो चरण स्वयंभर हो । ज्योतिषले चिना हेरे पछि विवाह कुन दिनमा र कुन साइतमा गर्ने भन्ने टुङ्गो लागे पछि विवाह अगाडि नै केटा तर्फका मानिसहरू बेहुलीको घरमा जाने गर्दछन् । यसमा बेहुला र बेहुली तर्फका ब्राह्मण बीचमा बसेर मत्रोच्चारण गर्दछन्। यो विधि वर र वधुको घरमा पुगेपछि वधुले वरलाई तिनफेरसम्म पानीको फेर लगाएर घुमेपछि एक अर्कालाई दुवोको माला लगाइन्छ, साथै वरले वधुलाई घाँटीमा सिक्री, हातमा औँठी लगाई दिन्छ भने बधुले पनि बरलाई हातमा औंठी लगाउछन्॥ यो कार्य हाल आएर विवाहको दिनमा सम्पन्न गर्दछन्।

### ५.२.३.१.५ गोडाधुने कार्यक्रम

यस अध्ययन क्षेत्रमा स्वयंभर कार्यक्रमको समाप्ति पछि बेहुला र बेहुलीको गोडा धुन सुरु हुन्छ। पहिले बेहुली तर्फका बुबा वा घरको मुली व्यक्तिद्वारा बेहुला र बेहुलीको खुट्टा धुने कार्य गर्दछन। खुट्टा धुनको लागि दुलहीको बाबुले खड्कुलो, गाग्री, करुवा आदि नयाँ किनेर व्यवस्था गरेको हुन्छ। दुलहा र दुलहीलाई पलङ वा मेचमा बसाई खड्कुलो माथि दुवैको खुट्टा राखी दुलहाको बुबाले पहिले खुट्टा धुन्छन् र दुलहीको आमाले करुवाले पानी हाली दिने गर्दछन्। दुलहा र दुलहीको तीन फेरी खुट्टाको पानी खाई टीका लगाइ दिन्छन्। दुलहीको बाबु आमापछि क्रमैसँग केटी तर्फको दाजुभाइ, छरछिमेक, इष्टमित्र तथा साथीहरूबाट पनि खुट्टा धुने कार्य गरिन्छ र आफूले ल्याएको सामान/पैसा उपहारस्वरूप दिन्छन्।

### ५.२.३.१.६ कन्यादान

यस अध्ययन क्षेत्रका क्षेत्रीहरुको धर्मशास्त्रमा कन्यादानलाई सबभन्दा ठूलो दान मानिन्छ । यसमा विशेष गरेर कन्याको बाबुआमाले आफ्नो चोखी छोरी ‘आजदेखि मेरो छोरीलाई तपाईको हातमा सुम्पिए मारे पाप पाले पून्य’ भनेर आफ्नो ज्वाईको हातमा सुम्पिदिन्छन् । यस कन्यादन पछि बधु माथि आफ्नो आमा बाबुको भन्दा उसको लाग्नेको अधिकार बढी हुन्छ ।

### ५.२.३.१.७ सिन्दुर हाल्ने

यस अध्ययन क्षेत्रका क्षेत्रीहरुको समाजमा विवाह अघि केटीले सिन्दुर हाल्ने प्रचलन रहेको पाइदैन । यस समाजमा विवाह पश्चात मात्र सिन्दुर हाल्ने प्रचलन रहेको छ । विवाहको दिन विवाहको मण्डपमा केटाले केटीको सिउँदोमा सिन्दुर हाल्नु अगाडि अग्नी, सूर्य आदिलाई साक्षी राखी केटी सिउँदो राखी तीन पटक हाल्दछ । उक्त दिनपछि केटीले सधैँ श्रीमानको नामबाट सिन्दुर आफ्नो सिउँदोमा हाल्ने प्रचलन रहँदै आएको छ । श्रीमानको मृत्यु पश्चात सिन्दुर हाल्ने प्रचलन रहेको पाइँदैन ।

### ५.२.३.१.८ पाणि ग्रहण

क्षेत्री समाजमा विवाह कार्यक्रम अन्तर्गत पर्ने पाणि ग्रहण संस्कारको पनि ठूलो महत्व रहेको छ । पाणि ग्रहणमा वरले मन्त्रोच्चारण गर्दै वधुको दाहिने हातको बुढी औंला समात्नु पर्दछ । यस मन्त्रोच्चारणको अर्थ ‘म तिम्रो सौभाग्यको निमित्त तिम्रो हात समाउँछु र तिमीलाई मेरो घरको जिम्मा दिएको छु’ ।

### ५.२.३.१.९ लज्जामोह

क्षेत्री समाजमा लज्जामोह कार्यक्रम यथावत रूपमा रहँदै आएको छ । उक्त विधिमा वर र वधु दुवै जग्गेको मण्डपमा बसी उभिनु पर्दछ र वधुको भाइले समीको पात र घिउ समेत मिलाएर लावा वधुको हातमा राख्ने गर्दछन् । वधुले विभिन्न किसिमको मन्त्रोचारण गर्दै वधुको भाइले दिएको लावा तीन पटकसम्म अग्नीमा चढाउनु पर्दछ । यस संस्कारमा उक्त कार्यक्रम समाप्त नभए सम्म वरले वधुको हात छोइरहनु पर्दछ ।

### ५.२.३.१.१० अग्नी परीक्षण

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु वर वधुसँगै वधुलाई अगाडि लगाएर अग्नीको परिक्रमा तीन पटक गराइन्छ । यसमा अग्नी देवतासँग यस कन्यालाई पत्नीको रूपमा सन्तान सहित मलाई देउ भन्ने कामना गरिन्छ । यो विधि पनि क्षेत्री समाजमा प्राचीन कालदेखि नै यथावत रूपमा प्रचलनमा रहँदै आएको छ ।

### ५.२.३.१.११ बेहुली अन्माउने

विवाहको कार्यक्रम समाप्त भएपछि यस अध्ययन क्षेत्रका क्षेत्रीहरु केटा र केटीलाई सगुन खान दिन्छन् । त्यसैगरी सगुनको रूपमा बाजा बजाउने दमाईलाई पनि सगुन दिने चलन रहेको छ । केटा तर्फका बाबुआमा र केटी तर्फका बाबुआमा सम्धीसम्धिनी भेटघाट पनि गर्दछन् । बाहिर जग्गेमा पहिले बाजा बजाउने दमाई, ठेको लिने मानिसको पछि पछि दुलही र दुलाहालाई तीन पटकसम्म जग्गेको परिक्रमा गराइन्छ । त्यसपछि दुलहा र दुलहीलाई दुलहीका दाजु भाईले बोकेर गाडी भएको ठाउँ सम्म बोकेर गाडीमा राख्ने गर्दछन् ।

### ५.२.३.१.१२ सप्तपदी

यस अध्ययन क्षेत्रका क्षेत्रीहरुले विवाहको कार्यक्रम समाप्त भएर बेहुलाको घरमा आइपुगे पछि यो सप्तपदी गर्दछन् । यस कार्यक्रम अन्तर्गत जग्गेको बीचमा सिन्दुर, अवीर, बत्ती आदिको सातवटा मण्डप बनाएर पाइताला राख्ने ठाउँ बनाउछन् । विवाहमा यसको महत्वपूर्ण स्थान रहेको छ । यसमा प्रत्येक पाइलाको छुट्टाछुट्टै महत्व रहेको छ । किनकी सप्तपदाक्रम पूरा भएपछि मात्र बधु पिताको गोत्रबाट आफ्नो लोग्नेको गोत्रमा गएको मानिन्छ । यसमा वरद्वारा वधुलाई गराइने पदाक्रममा वधुले वरद्वारा प्रस्तावित (क) अन्न, (ख) वल, (ग) धनको वृष्टि, (घ) सुख (ङ) सन्तती, (च) दीर्घजीवन, (छ) सतित्व यी सात पदमा पदाक्रम गरेर समर्थन मात्र होइन स्वीकार नै गर्दछ (पन्थी, २०४२) । त्यसैले सप्तपदाक्रम कार्यक्रम अन्तर्गत विवाह मण्डपबाट दुलहाको दिदी बहिनीले दुलही समातेर दुलहीले सातवटा मण्डमा टेक्दै दुलहाको घरभित्र प्रवेश गराइन्छ ।

### ५.२.३.१.१३ खाजा खुवाउने

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु विवाहको भोलिपल्ट दुलहीको तर्फबाट दुलहाको बाबु आमा, दाजुभाई, दिदी वहिनीलाई लुगाफाटा, खानेकुरा, फलफूल आदि लिएर दुलहाको घरमा जान्छन् । सोही दिने सम्धी र सम्धिनीको पनि भेट घाट कार्यक्रम हुन्छ । सम्धि सम्धिनीको भेटघाट कार्यक्रममा दुलहीको तर्फबाट गरगहना, कपडा, फलफूल आदि दिएर सम्धि सम्धिनीको मुख हेर्ने गरिन्छ ।

### ५.२.३.१.१४ दुलही फिराउने

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु दुलही फिराउने कार्य विवाहको ५ दिनदेखि १३ दिनसम्म दुलहीको माइतमा पठाउने चलन रहेको छ । यसरी दुलही फिराउने कार्यमा दुलहा र दुलही दुवै एक रात गएर दुलहीको माइतमा बस्नु पर्दछ र भोलीपल्ट पुनः दुलहाको घरमा फर्कने चलन छ । तर हाल आएर यस्तो चलनमा परिवर्तन आएको छ । यस जातिमा हाल आएर खाजा खुवाउने आउने मानिससँगै विवाहको भोलिपल्ट दुलहा र दुलहीलाई सँगै लैजाने गरिएको पाईयो ।

### ५.२.३.२ प्रेम विवाह

केटा र केटी एक अर्कोमा मन पराई आफ्नै राजी खुसीले भागेर गर्ने विवाहलाई प्रेम विवाह भनिन्छ । यसमा केटा र केटी पक्षका अभिभावकहरूको खासै सहमति र असहमतिको विचार गरिएको हुँदैन । पछि गएर कसैको घरकाले मानेर स्वीकार गर्दछन् भने कसैले अस्वीकार गर्दछन् । यस समाजमा खास गरेर केटी पक्ष भन्दा केटा पक्षले बढी मात्रामा यस्तो विवाह स्वीकार गरेको पाउन सकिन्छ । यसमा जवान भएका केटा र केटी बीचमा कुराकानी, चिठी, फोन आदिका माध्यमले भेटघाट गरी विवाह गरिन्छ ।

यस अध्ययन क्षेत्रका क्षेत्रीहरुले गरिएका विवाहमा केटी लगिसकेपछि केटा पक्षकाले ब्राह्मण बोलाएर सामान्य विधि पुऱ्याएर मण्डपमा परिक्रमा गराई विवाह गरिएका चलन पनि रहेको छ । क्षेत्री जातिमा मागी विवाह नै कायम रहेको अवस्थामा जातपात मिल्ने, विवाह गर्न योग्य केटासँग पनि केटी भागेर गई भने केटीका अभिभावकहरू रिसाएर विवाहमा जाँदैनन् बरु प्रेम भई केटी र केटाले एक अर्कालाई मन पराउँछन् भने भाग्नु भन्दा त्यसै प्रेमलाई मागी विवाहमा बदल्ने गरेको पाइयो । सबैकुरा मिल्ने विवाह गर्न हुने बीचमा प्रेम भई प्रेम विवाह गरेमा केटी पक्षले पछि उनीहरूलाई रिस मरेपछि दुवैलाई बोलाएर

टिकोटालो गरी राम्रोसँगग छोरीलाई पालन पोषण गर्नु, वैवाहिक जीवन राम्रोसँग चलाउनु पछि धोका नदिनु भनेर सम्झाई बुझाई गरेको पनि देखियो । यसरी टिकोटालो गरिसकेपछि मात्र केटी पक्षकाले आफ्नो छोरी ज्वाईलाई आफ्नो घरमा बोलाएर सम्मान गर्ने र विभिन्न चाडपर्व, विवाह र अन्य संस्कारका विभिन्न कार्यक्रमहरूमा बोलाउने गरिन्छ । केटी पक्ष र केटापक्षले जातभात नमिलेर विवाह गर्न योग्य नभएमा कहिले पनि माइततिर नबोलाएको पनि देखियो ।

अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षेत्री जातिले प्रेम विवाह पनि विस्तारै स्वीकारदै लगेको पाइन्छ । जसमा नमूना छनौटमा परेका उत्तरदाताहरूमध्ये १० (११.११ प्रतिशत) जनाले प्रेम विवाह गरेको पाइयो ।

### ५.२.३.३ अन्तरजातीय विवाह

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु अन्तरजातीय विवाह भन्नाले माथिल्लो जातको भनिने केटा वा केटी र तल्लो जातको भनिने केटा वा केटी (पानी चल्ने वा नचल्ने जात) विचमा गरको विवाहलाई मान्ने गर्दछन् । यस्तो प्रकारको विवाह पद्धति अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षेत्री समाजमा त्यति चलन चल्तीमा रहेको पाइँदैन । यस्तो विवाह गर्ने मानिस तल्लो जाति सरहको हुने, त्यस्ता व्यक्तिलाई तल्लो जातिका मानिससँग गरिएका व्यवहार र समाजमा तिनीहरूको स्वाभिमान, मानप्रतिष्ठा, इज्जत  र हैसियत राम्रो नहुने र तिनीहरूबाट जन्मेका छोराछोरी पनि तल्लो जात भनिने सरह रहने भएकाले यस्तो विवाहलाई समाजले मान्यता नदिएको बताउछन् त्यहांका वासिन्दाहरु ।

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु हालका दिनहरूमा जात, जुर अजुर, राम्रो नराम्रो भन्दा पनि केटा र केटीको मन मिलेमा अभिभावकले स्वीकार गर्ने गरेको पाइयो । अध्ययन क्षेत्रमा अन्तरजातीय विवाह गर्नेको संख्या ८ (८.८८ प्रतिशत) ले गरेको देखिन्छ जसमा पानी चल्ने जातको बीचमा भएको पाइयो । त्यसैगरी अन्तरजातीय विवाहमा पानी नचल्ने जाति बीच विवाह गरेमा त्यस्तो विवाहलाई समाजले स्वीकार गर्न सकेको अवस्था भने हालका दिनसम्म पनि देख्न सकिदैन ।

### ५.२.३.४ चोरी विवाह

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु केटीले मन पराएको होस् वा नपराएको होस्, केटाले मन पराएको केटीलाई उपयुक्त अवसर पारी दुई चार जना बलिया साथीहरूको सहयोगमा जवरजस्ती तानेर ल्याइ गरिएका विवाहलाई चोरी विवाह मान्दछन् ।। यस्तो विवाहमा केटी पक्षका मानिसहरूको पूर्ण सहमति भएको पाइदैन । यस्तो प्रकारको विवाहमा केटीलाई फकाउँदा केटीले नमानेपछि वा केटीका अभिभावकसँग केटी माग्दा पनि नदिएमा उनीहरुले चोरेर लगेको पाइन्छ । प्रायजसो यस्तो विवाह कसैलाई थाहा नदिई केटी घाँसपात, दाउरा, पानी पधेरो आदि ठाउँमा वा कुनै कारणले जङ्गल वा घरबाहिर गएको मौका छोपी केटीलाइ चोरेर लैजाने गरिन्छ । केटीलाई ल्याउँदा पहिले जसले विवाह गर्ने हो उसले समात्दछ र पछि अरुले सहयोग गर्दछन् र समातेर बोकेर लैजान्छन् । हाल आएर यस्तो प्रकारको चोरी विवाह अध्ययन क्षेत्रमा रहेका क्षेत्री जातिमा कमै मात्रामा देख्न सकिन्छ ।

### ५.२.३.५ विधुर/विधवा विवाह

श्रीमान र श्रीमतीको मृत्यु भइसकेपछि पुनः विवाह गर्नु नै विधुर र विधवा विवाह हो । अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षेत्री जातिमा यस्तो प्रकारको विवाह परम्परागत रूपले चल्द आएको छ । यस्ता विवाहमा विधुवा विवाह भन्दा विधुर विवाह बढी प्रचलनमा रहेको पाइयो । यहाँको समाजमा कसैको श्रीमतीको मृत्यु भएमा अर्को विवाह गर्ने चलन छ । यस्तो विवाहमा प्रायः सबैले केटी दिन मान्दैनन किनभने लोग्ने दोघरे भएको र पहिलेकी श्रीमतीबाट जन्मेका बच्चाहरू पाल्नु पर्ने भएकाले अभिभावकहरू विधुर केटासँग आफ्नी छोरीको विवाह गर्न मान्दैनन् । त्यसैले त्यस्ता विधुरको विवाह गर्दा कुनै कारणले विवाह हुन नसकेकी, कम पढेकी, गरिब परिवारकी केटी खोजी विधुरको विवाह गरिन्छ । विधुर विवाह गर्दा उसको पुराना श्रीमतीबाट भएका छोराछोरीहरूलाई बाबुको विवाह हेर्नु हुँदैन भनेर लुकाउने चलन छ । यस्तो विवाह गर्दा धेरै खर्च तडकभडक नगरी सामान्य रूपमा नगरी नहुने प्रक्रिया मात्र पूरा गरेर सम्पन्न गरिन्छ । त्यसै गरी विधवा विवाह यहाँको समाजमा त्यति मान्य नभए पनि यदि कुनै आइमाई लोग्ने मरेर विधवा भई भने कसैले लोग्नेकै घरमा दिन गुजार चलाउँछन् भने कोही अर्को मान्छे खोजेर पोइल जान्छन् । खास गरी अध्ययन क्षेत्रमा बसोवास गर्ने क्षेत्री जातीमा विधुर विवाहलाई मान्यता दिए पनि विधवा विवाहलाई

त्यति मान्यता दिएको पाइँदैन । त्यसैले प्रायःजसो विधवा आइमाइहरू लोग्ने मरे पनि त्यही घरमा दिन गुजारा चलाउँदछन् ।

### ५.२.३.६ जारी विवाह

अर्काकी श्रीमतीलाई उसको श्रीमान छँदै अर्कोले भगाएर लैजाने विवाहलाई नै जारी विवाह भनिन्छ । यसमा अर्काकी श्रीमतीलाई फकाई फुलाई भुल्याएर विभिन्न प्रलोभनमा पारी भगाएर लगिन्छ । यस्तो प्रकारको विवाह अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षेत्री समाजमा प्रचलनमा रहेको पाइँदैन । यस्तो विवाहलाई समाजले त्यति मान्यता दिएको पाइँएन । यस्ता प्रकारको घटना खास गरी श्रीमान र श्रीमती बीचमा खटपट भएमा, श्रीमान परदेश वा कामको सिलसिलामा अन्यत्र गएमा, सँगै नबसेको मौका छोपी श्रीमतीले अन्य व्यक्तिसँग करणी गरेमा यस्तो विवाह हुने गरेको रहेछ । यदि कसैको श्रीमती अर्काले लगेमा त्यस श्रीमती लैजाने मान्छेलाई समाजका भद्रभलादमी जान्ने बुझ्ने मानिसहरू बसी जार स्वरूप रूपैया पैसा र उक्त श्रीमतीले पुरानो श्रीमानबाट लगेको नगद, जिन्सी सामान, सुन चाँदीका गहना आदि कुरा फिर्ता मागेको देखियो । जारीको रकम समाजका जान्ने बुझ्ने व्यक्तिहरू बसेर विवाह खर्च भनेर तोक्दछन् र उक्त रकम स्वास्नी लैजाने व्यक्तिले तिर्नु पर्दछ ।

## ५.३ दाइजो प्रथा

यसरी क्षेत्रीहरुमा विवाहको दिनमा केटीको तर्फबाट केटालाई टि.भि., फ्रिज, मोटरसाइकल, घडी, सुनको औंठी, सिक्री, पलङ, सोफासेट, कार्पेट, दराज, ओछ्यान, कपडा आदि दिने प्रचलन दिनानुदिन बढ्दै गएको छ । त्यस्तै गरी केटाको आमा, बाबु, दिदी बहिनी तथा इष्टमित्रलाई पनि कपडा, गरगहना आदि दिने चलन बढ्दै गएको देखियो । यस समुदायमा केटीको तर्फबाट दिने भोज पनि दिनानुदिन स्तरीय हुँदै गएको छ । पहिले टपरीमा भत्तेर दिने चलन थियो भने हाल आएर बफाई दिने प्रचलन रहेको छ । त्यस्तै गरी केटाको तर्फबाट पनि केटीलाई आर्थिक स्थिति हेरेर ५ जोर देखि ११ जोरसम्म कपडा ( साडी, कुर्ता सुरुवाल, ब्याउज, पछ्यौरा, जुत्ता, ब्याग) विजोरी बनाई लैजाने चलन छ । केटीलाई सुनको गनामा तिलहरी, सिक्री, नेक्लेस, बाला, औंठी, झुम्का, फुली र सिंगारको सामानको साथै साइपाटाको सर्दाम लैजाने प्रचलन देखियो ।

## ५.४ विवाहको सीमा (निषेध)

यस अध्ययन क्षेत्रका क्षेत्री समाजमा मर्यादित एवं अत्यावश्यक रूपमा रहेको विवाह सम्बन्धी केही सीमाहरू तोकिएका छन् । यस मध्ये कुनै शर्तको दायराभित्र सीमित गराइएको पाइन्छ भने कुनैलाई त वर्जित नै गरिएको पनि छ । यस धर्मभिरु हिन्दु समाजमा धर्मशास्त्रद्वारा समर्पित गरिएको नियम भित्र सीमित रहेर गरिएको विवाह यस लोकमा मर्यादित हुन्छ र परलोकमा पनि स्वर्ग प्राप्तिको निमित्त सहायक बन्दछ (पन्थी, २०४२) । यदि विवाहमा राखेको सीमा नाघेर कसैले विवाह गर्दछ भने उसलाई समाजबाट बहिष्कार गरिन्छ । उसको जात भ्रष्ट मानिन्छ । उसले कुनै धार्मिक विधि विधानमा भाग लिन पाउँदैन । अध्ययन क्षेत्रका क्षेत्री समुदायमा पनि यस किसिको सीमा रहेको पाइन्छ जुन हिन्दू धर्म शास्त्र अनुसार विवाह सम्बन्धी तोकिएको सीमा यस प्रकार छःन्

### ५.४.१ सगोत्र विवाह

यस अध्ययन क्षेत्रका क्षेत्री समाजमा सगोत्री विवाहलाई पूर्ण रूपमा बहिष्कार गरिएको छ । अन्तरजातीय विवाहमा पनि गोत्र फरक पार्ने प्रयास गरिन्छ । अतः हाम्रो हिन्दू समाजमा गोत्रको वारेमा कार्णेको दृष्टिकोणमा गोत्र आठ ऋषिहरूको नाउँ हो, गोत्र आर्यहरूको आर्थिक र वैवाहिक सम्बन्धहरूको आधार हो (वराल, २०५०) ।

क्षेत्री समाजमा केटी छिन्ने बेलामा नै थर, गोत्र आदि सोधेर मात्रै विवाह प्रकृया अगाडि बढाउने प्रचलन रहँदै आएको पाईयो । त्यसैले गर्दा अध्ययन क्षेत्रमा रहेका क्षेत्री समुदायमा विवाहको सीमा अन्तर्गत सगोत्री विवाहलाई मान्यता दिएको पाइँदैन ।

### ५.४.२ सपिण्ड विवाह

यस अध्ययन क्षेत्रका क्षेत्रीहरुले सगोत्री जस्तै सपिण्ड विवाहलाई पनि यस समाजमा निषेध गरिएको छ । सपिण्ड भन्नाले एउटै पिण्डलाई कहलाउँदछ (बराल, २०५०) । वास्तवमा सपिण्ड भन्नाले बाबुपट्टिका ५ पुस्ता र आमापट्टिको ३ पुस्ता भित्रका नातेदारहरूलाई नै साधारणतया मानिन्छ (घिमिरे, २०३२) । यस्तै एउटै भान्छामा भान्छा गर्नेहरूलाई पनि सपिण्ड भनिन्छ । जस्तो दाजु बहिनी, आमा छोरा जे होस् आमाबाट पाँचौं र बाबुबाट सातौं पुस्ताभन्दा माथि सपिण्ड नरहने भएकोले विवाह गर्नुहुन्छ र आमा र बाबुको पाँचौं र सातौं पुस्ता भित्र विवाह गर्न वर्जित मानिन्छ । वावुपट्टिको नातेदार र रक्त सम्बन्धीहरूसँग मुसलमान बाहेक संभवत सबै समाजमा विवाह निषेध छ । त्यस्तै अध्ययन

क्षेत्रका क्षेत्री जातिमा पनि  सपिण्ड बाहिर नै विवाह भएको पाइन्छ । यिनीहरूले पनि हाडनाता र रगतको सम्बन्ध भित्र विहेवारी गरेको पाइँदैन ।

### ५.४.३ प्रवर वहिर्विवाह

सपिण्ड र सगोत्री विवाहलाई हिन्दू समाजमा वर्जित गरिएझैँ प्रवर विवाहलाई पनि हिन्दू समाजमा वर्जित गरिएको छ । डा.पि.भि काणेको भनाइ अनुसार सगोत्र ीभनेको कुनै पनि व्यक्तिको सुरुको पुर्खा वा पूर्वजहरूमध्ये कुनै एक हो जसको नाउँबाट उसको परिवार प्रसिद्ध भएका छन् तर प्रवर प्रचलन गर्नेहरू भने प्राचीनकालमा सारै प्रसिद्ध ऋषिहरू थिए । अर्थात् गोत्र अर्वाचीन आठ ऋषिहरूको नाउँ हो भने प्रवर ती आठ ऋषिहरूको पनि प्राचीन वंश प्रवर्तकहरूको नाउँ हो (बराल, २०५०) ।  त्यसैले गर्दा प्राचीनकालदेखि नै वर्जित गरिएको यस किसिमको विवाह क्षेत्री समाजमा पनि वर्जित नै रहेको पाइन्छ ।

### ५.४.४ अनुलोम र प्रतिलोम विवाह

अनुमोल विवाह भनेको त्यो हो, जसमा माथिल्लो वर्णको वरसँग तल्लो वर्णकी कन्याको विवाह हुनु । यसको ठीक उल्टो प्रतिलोम विवाह भनेको यस्तो विवाहलाई जनाउँछ जसमा माथिल्लो वर्ण वा जातको केटीसँग तल्लो जातको केटाको विवाह हुनु हाम्रो हिन्दू समाजमा अनुलोम विवाह गर्न हुने व्यवस्था पाइन्छ ।

यस्तो विवाह वैदिक युगमा पनि चलेको देखिन्छ । पराशरका मत अनुसार एक ब्राह्मणको तीन पत्नी हुन सक्छ क्षेत्रीयको दुइ हुन सक्दछन् र वैश्यका एक मात्र (पन्थी, २०४२) । यसको मतलव आफुभन्दा तल्लो वर्णको कन्यासँग विवाह गर्न यसबेला पनि छुट थियो तर प्रतिलोम विवाह भएको छ र उनीहरूबाट सन्तानको जन्म भएको छ भने त्यसलाई वर्णशंकर हुन्छ भनिएको छ । यस्तो वर्णशंकरहरूले दिएको तिजाञ्जली पितृहरूले पाउँदैनन् । अनुलोम र प्रतिलोम विवाह आधुनिक समयमा विभिन्न जाति तथा जनजातिहरूमा प्रचलनमा आएको पाइन्छ ।

## ५.५ विवाहको रूप, अनुष्ठान र स्वरूप

मर्यादित एवं प्रमुख संस्कारको रूपमा विवाहलाई हिन्दू समाजले लिने गरे तापनि यसको स्वरूप र अनुष्ठानमा एक रूपता पाइँदैन । बसाई सराईको क्रममा आफूसँगै बोकेर आएको संस्कृति अथवा विभिन्न सांस्कृतिक उपसमूहहरू आपसमा घुलमिल भई सम्पूर्ण

नेपाली समाजको निर्माण भएको छ । त्यसैले नेपाली समाजमा विवाहका अनुष्ठानमा एकरूपता छैन जुन अति स्वाभाविक पनि छ । जन्तीसँगै दुलाह जानु र दुलाहले दुलहीको सिउँदोमा सिन्दुर हाल्नु नेपाली समाजको विवाहको सर्वव्यापक प्रचलन वा अनुष्ठान हो ।

केही वर्ष अघिसम्म यस क्षेत्रमा विवाह कार्य गर्दा राती जन्ती लगेर भोलिपल्ट बेहुली ल्याउने चलन थियो । बेहुलीको घरमा जन्ती जाने मानिसहरूलाई बेलुका खाना दिने चलन थियो र भोलिपल्ट केटाको तर्फबाट बहुभत्तेर दिने चलन थियो । तर हाल आएर विहान जन्ती लगेर बेलुका फर्काउने चलन छ । त्यस्तै क्षेत्री जातिमा हाल आएर दाईजो प्रथाले प्रश्रय पाउन थालेको छ । हुने खानको सिको गरी नहुने मानिसले पनि ऋण काटेर वा खेतवारी बेचेर भए पनि छोरीलाई विवाहमा दाईजो दिने चलन व्यापक मात्रामा चलेको छ । दाईजोमा बेहुलालाई विलासिताका वस्तुहरू जस्तै मोटर साइकल, टि.भि., फ्रीज, सोफासेट, पलङ, सुनका सिक्री, औंठी आदि दिने चलन बढ्दै गएको पाइन्छ ।

## ५.६ विवाहमा यौनाचार

नेपालको विभिन्न जातिहरूमा विवाह अघि यस्तो यौन स्वतन्त्रताहरू देखिएता पनि अध्ययन क्षेत्रमा वसोवास गर्ने क्षत्री जातिमा यस्तो किसिमको परम्परा रहेको पाइँदैन ।

## ५.७ विवाहमा विभिन्न व्यक्तिहरूको भूमिका

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु विवाहको कुरा मिलाउनका लागि नातेदारहरूबाट लमीको काम गरिदिने गरिन्छ । यस्तो कार्यमा केटी र केटा पक्षको आफूबाटै विवाहको कुरा इष्टमित्र तथा नातेदारहरूका माध्यमले कुरा चलाउने गरिन्छ । यसरी कुरा चलाउँदा विवाह गर्ने केटा र केटीका नातेदार तथा इष्टमित्रले केटी र केटा पक्षका राम्रा नराम्रा कुराहरू एक अर्कोमा गरिदिने गर्दछन् । यसमा केटीको कुरा केटा पक्षमा चलाउँदा कुन जातको केटी हो । उसको बाबु बाजे कस्ता थिए ? केटी कस्ती छन् ? केटीको मामाघर कता हो? कति पढेकी छन् ? शील स्वभाव कस्तो छ भन्ने सबै कुरा इष्टमित्र तथा नातेदाहरूबाटै थाहा पाउन सकिन्छ । यसैगरी इष्टमित्रसँग मेरो छोराछोरीको विवाह गर्नुपर्नेछ । केटी/केटाको कुरो चलाउनु पऱ्यो भनेर दुवै आ-आफ्नो इष्टमित्र र नातेदारसँग कुरा चलाउने गर्दछन् । अध्ययन क्षेत्रका एक जना उत्तरदाताले इष्टमित्रको भूमिका सम्बन्धमा आफ्नो अनुभव यसरी सुनाउनु भयो- "मेरो छोराको विवाह गर्नका लागि मैले आफ्नो छोरीको ससुरालाई भनेको थिए, मेरो छोराको विवाह गर्नुपर्ने छ । त्यसका लागि काँहि कतै केटी भए कुरो चलाउनु, नभन्दै

उहाँसँग उनका अर्का इष्टमित्रले मेरी छोरी छ कुरो चलाउनु भनेका रहेछन् । उनले दुवै आफ्ना इष्टमित्रहरू बीच कुरा चलाई दिएर विवाह कार्य सम्पन्न भयो ।"

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु हालका विवाहहरूमा नातेदारहरूसँग सोधीखोजी विवाह गरिए पनि केटी र केटाका गुण, अवगुण, शिक्षा, रोजगारी आदिका कुराहरू प्रत्यक्ष रूपमा उनीहरू सहभागी भएर कुरा राखी चित्त बुझाई विवाह गर्ने चलन बढेको पाइन्छ । पहिलेको विवाहमा दुलहा, दुलही एक अर्कोलाई नहेरी विवाह गर्दथे र इष्टमित्र र नातेदारहरूसँग एक अर्काको बारेमा सोधखोज गरिन्थ्यो । आलभोली शिक्षा र चेतनाको विकास भएकाले पुरानो मूल्यमान्यतामा परिवर्तन आएको कारणले एक अर्कालाई बुझी विवाहका लागि तयारी गरिएका हुनाले इष्टमित्र तथा नातेदारहरूको भूमिकामा कमी आएको पाइन्छ ।

### ५.८ दिदी/बहिनी

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु  बेहुला पक्ष र बेहुली पक्षमा विवाहका समयमा दवै पक्षका दिदी/बहिनीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बेहुला पक्षको घरमा बेहुलाले बेहुली लिएर भित्र  प्रवेश गर्ने समयमा हातमा बत्ती (दियो) बालेर बीच बाटोमा बसी बाटो छेक्ने काम गर्दछन् । यसमा बेहुला पक्षका दिदी/बहिनीहरूले ढोकाबाट घरभित्र प्रवेश गर्न नदिने भएकाले बेहुली पक्षकाले केही मात्रामा रूपैयाँ र लुगा कपडा दिएर बाटो खोल्न र बेहुलीलाई भित्र प्रवेश गराउने गरिन्छ । त्यसैगरी बेहुली पक्षका दिदीबहिनीहरूले विवाहका समयमा बेहुला पक्षबाट ल्याएका लुगा कपडा, गहना र श्रृंगारका चिजहरू बेहुलीलाई पहिराई दिने गर्दछन् ।

### ५.९ आमा/बाबु

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु विवाहको समयमा बेहुला र बेहुलीका आमाबाबुको महत्वपूर्ण भूमिका रहेको पाइयो । त्यसैगरी विवाह जाँदा आउँदा डोली वा अन्य सवारीको साधनमा पुज्ने, बेहुलीलाई विवाह गरी ल्याइसकेपछि अन्माउने काम पनि आमाले नै गर्ने गर्दछन् । बेहुला र बेहुली दुवै पक्षका बाबुहरूको विवाहमा आफ्नै किसिमको भूमिका हुन्छ । विवाहको लागि बुबाले पूजाको काम गर्ने, केटी र केटा पक्षबीचमा कुरा मिलाउने, विवाहका लागि चाहिने पैसा र आवश्यक सरसामनको व्यवस्था मिलाउने काम गर्नु पर्ने हुन्छ । त्यसैगरी विवाह शुरु हुनुभन्दा अगाडि देखि अन्त्यसम्म प्रमुख रूपमा रहेको हुन्छ ।

## ५.१० दाजु/भाई

विवाहको शुरुवात देखि विवाह कार्य सम्पन्न नभएसम्म  बेहुला र बेहुली दुवै तर्फका दाजुभाइको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विवाहमा बेहुलीका दाजु/भाइले विवाह आफ्नो घरमा पुगिसकेपछि बेहुलालाई बोकेर मण्डपसम्म ल्याउने र विवाह कार्यक्रम समाप्त भइसकेपछि दुलहा दुलहीलाई विदाई गर्ने समयमा दुलहीलाई बोकेर सवारी साधनमा राख्ने काम गर्दछन् । त्यसै गरी वाहिरको विवाह भई रहेको बेला लाभा दिने काममा पनि यिनीहरूको महत्वपूर्ण भूमिका रहन्छ भने बेहुलीको खुट्टा धुने काम पनि गर्ने गर्दछन् । हालका विवाहमा दुलहालाई मण्डपमा प्रवेश  गराउँदा दुलहीका दाजुभाइ मात्र नभई जो कोहीले लगे पनि हुन्छ भनेर अरुले पनि लगेर जाने गर्दछन् भने विदाई गर्दा पनि दाजुभाइ नभए अरुले पनि काम गर्दछन् ।

## ५.११ साथी भाइहरू

यस अध्ययन क्षेत्रका क्षेत्रीहरु बहुलीका साथीभाइहरूले विवाहका समयमा उनलाई श्रृंगार गर्ने, लुगा लगाउने, सँगै बस्नेदेखि लिएर गाउँ घरका मानिसहरूसँग भेटघाट गर्ने बेलाम समेत सहयोग गर्ने कार्य गर्दछन् । यसरी सहयोग गरेको कारणले अथवा आफ्नो साथी विवाह गरी लगेको कारणले साथ छुटाउने भनी केही मात्रामा दुलहापट्टिबाट रूपैया माग्ने चलन रहेको पाइन्छ । यसरी मागेको रूपैया पछि सबैले मिलेर बाँडेर खाने चलन छ । त्यसैगरी बेहुलाका साथीभाइले विवाहका समयमा उनलाई सघाउने, कुराकानी गर्ने, विवाहमा नाचगान गरी रमाइलो गर्ने काम गर्दछन् ।

हालका विवाहमा श्रृंगार आदि गराउन बजारबाट जान्ने मान्छे बोलाउने पनि गरिन्छ भने दुलहीका साथीहरूले साथ छुटाए वापत दुलहा पक्षबाट करकाप गरेर रूपैया माग्ने गरिदैन ।

## ५.१२ ज्योतिष

विवाह कार्यक्रम सम्पन्न गर्नका लागि ज्योतिषको पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । विवाह कार्यक्रमको सुरुमा केटी पक्षसँग केटा पक्षले चिना मागी सकेपछि केटा र केटीहरूको जन्मकुण्डली लगेर ज्योतिषलाई देखाउने गरिन्छ । ज्योतिषले चिना हेर्दा दुवैको ग्रहदशा, गुण, अवगुण र राम्रो, नराम्रो कुरा हेरी उचित ठहरिएमा विवाह गर्न योग्य भएको भनी भन्दछन् भने उचित नठहरिएमा नजुरेको भनी विवाह गर्न योग्य नभएको र यो

केटीसँग विवाह नगरी अर्को केटीको चिना ल्याउनु भनी जवाफ दिने गर्दछन् । ज्योतिषले हेरि दिएको भरमा मात्र केटी र केटाको विवाह गर्ने वा नगर्ने भनेर टुङ्गो लगाउने गरिन्छ । विवाहको टुङ्गो लागिसकेपछि केटा र केटी दुवै पक्षका व्यक्तिहरूले कुन दिन विवाह गर्ने भनेर निर्णय गरी फेरि ज्योतिषकहाँ गएर विवाह गर्न उपयुसक्त दिन लगन हेराउने गर्दछन् । लगन हेराउँदा ज्योतिषले विवाहको शुभ समय, विवाहका समयमा गरिएका ग्रह पूजाको विधि, जप र दान दिनुपर्ने सामान आदिका बारेमा प्रष्ट रूपमा भन्ने गर्दछन् ।

हालका दिनहरूमा विवाहका समयमा ज्योतिष कहाँ हेराउने काम गरे पनि पहिलेको जस्तो धेरै कुराहरूको सोधखोज गरिदैन र सामान्य रूपमा नहेरी नहुने कुरा मात्र हेर्ने चलन रहेको पाइन्छ । त्यसैगरी ज्योतिषले हेरी दिएको भरमा मात्र विवाहको निर्णय नभई केटी केटाले मन पराए वा नपराएको कुरा र अन्य कुरामा समेत विचार गरिन्छ । दुवै पक्षको मन परेमा धेरै कुरा नहेरी सामान्य जुर/अजुर मात्र हेरी विवाह गर्ने चलन बढेको पाइन्छ ।

## ५.१३ ब्राह्मण/पण्डित

विवाह कार्य सम्पन्न गर्नका लागि ब्राह्मण/पण्डित एउटा महत्वपूर्ण व्यक्तिको रूपमा मानिन्छ । विवाहका समयमा ब्राह्मण/पण्डितले केटी र केटा पक्ष दुवैका घरमा पूजा गर्ने गर्दछन् । त्यसैगरी यिनीहरूले विधि र विधान अनुसार मन्त्रपाठ, जलप र हवन पनि गर्ने गर्दछन् । यस्तो क्रियाकलाप गराउनको लागि केटी र केटा पक्षका मानिसले आ-आफ्ना छुट्टाछुट्टै प्रोहितहरूलाई बोलाउने गर्दछन् । यिनीहरूले पनि दुवै पक्षमा अलग अलग तरिका र विधि विधान अनुसार विवाह कार्यक्रममा पूजा आदि क्रियाकलाप गर्ने गर्दछन । यिनीहरूले सर्वप्रथम ज्योतिषद्वारा लेखिएको ग्रह पूजा, जप, हवन र दान गर्ने गर्दछन् त्यसै दिन दुवै पक्षको घरमा सत्यनारायणको पूजा श्रद्धा आदि काम गराउने गर्दछन । विवाह केटीको घरमा जाँदा केटा पक्षका बाह्मण/पण्डितले हातमा दहीको ठेकी समातेर सगुन स्वरूप अगाडि लगेर जानु पर्ने हुन्छ भने दुलाहलाई तयार गरी सकेपछि उनलाई टीका, फूलमाला लगाएर तयार गर्ने काम पनि गर्दछन् । केटी पक्षको घरमा पुगेपछि सवारी साधनबाट झारेर केटा पक्षको ब्राह्मण/ पण्डितलाई केटी पक्षकाले टीका अक्षता लगाई पूजा गरी खुट्टा धोएर सकेजति भाँडाकुडा, लुगा कपडा, जुत्ता, टोपी, छाता, जनै, सुपारी र दक्षिणा दिने चलन छ । त्यसैगरी केटी पक्षतिर भित्रको विवाह कार्यक्रम सम्पन्न गर्दा दुवै पक्षको ब्राह्मणको भूमिका

रहन्छ भन् विभिन्न हवन, मन्त्र र पूजा गराई दुलहा दुलहीलाई विधान अनसार विवहा कार्यक्रममा सरिक गराउने कार्य दुलही पट्टिका ब्राह्मणले गर्दछन् ।

हालका दिनहरूमा विवाह कार्यक्रममा ब्राह्मण/पण्डितहरूको भूमिकामा त्यति परिवर्तन नआए पनि पहिलेको जस्तो धेरै विधि विधान र समय लगाएर विवाह कार्यक्रम नगरेर छोटो तरिकाले विवाह गर्ने गराउने परिपाटी चलेको पाइन्छ । पहिलेको विवाह कायक्रम जस्तो धेरै हवन, मन्त्र र जप नगरी सामान्य गर्नुपर्ने, विधि पुऱ्याएर विवाह कार्य गरिदिने गरिन्छ भने ब्राह्मण/पण्डितलाई उपहार दिने कुराहरूमा हालका दिनहरूमा महङ्गा महङ्गा बजारमा चलेका चिजहरू पनि दिने चलन बढेको पाइन्छ ।

## ५.१४ दमाई

विवाह संस्कारमा दमाईलाई सगुनको रूपमा लिइन्छ । यिनीहरूले बजाउने बजा र विवाहका समयमा सिउनले लुगालाई विवाहको महत्वपूर्ण सगुन मानिन्छ । विवाहका समयमा दमाइले विभिन्न विवाह कायृक्रममा अलग अलग तालले बजा बजाउने र विवाहका लागि दुलहा दुलहीको लूगा, पूजाको कपडा, दुलहा दुलहीका घरका व्यक्तिहरूको कपडा सिउने काम गर्दछन् । बाजा बजाउँदा बेहुला अन्माउनु भन्दा अगाडिदेखि बाटो भरी रमाइलो गरेर बजाउने गरिन्छ भने बाटोमा देवीदेवताका मन्दिर भएमा विशेष रूपमा देवीदेवतालाई संकेत गरेर बाजा बजाउने गर्दछन् ।

हालको विवाह कार्यक्रममा दमाईको भूमिकामा पनि परिवर्तन देख्न सकिन्छ । देशकाल र समय परिस्थिति अनुसार यिनीहरूले यस्तो काम नगरेकोले र लुगाकपडा बजारमा पसल गरेर बसेकाबाट सिलाउने र बाजा बजाउन पनि बजारमा भएका दमाई वा ब्राण्ड बैण्डबाट कुरा गरेर लैजाने चलन बढेको पाइन्छ । त्यसैगरी उनीहरूको थितो वापत दिने कुरा विस्तारै हराउँदै गएको पाइन्छ ।

## ५.१५ डोली बोक्ने व्यक्ति

विशेष गरी तल्लो जातका मानिसहरूले बेहुला र बेहुलीलाई बोकेर एक ठाउँबाट अर्को ठाउँमा लैजाने चलन छ । यसका लागि विशेष प्रकारको डोली (उलिनकाठ) मा राखेर बेहुला बेहुलीलाई विवाहका समयमा एउटाको घरबाट अर्काको घरमा यिनीहरूले बोकेर लैजाने गर्दछन् । यस्तो कार्यका लागि प्रत्येक गाउँका मानिसहरूले आफ्नो नजिक बस्ने तल्ला जातिका व्यक्तिलाई डोली बोकाउने काम गराउँदछन् । यसरी डोली बोके वापत

उनीहरूलाई नगद, खानेकुरा दिने चलन रहेको पाइन्छ । यस्तो प्रकारको रकम बेहुला र बेहुली दुवै पक्षले सकेजति दिएर उनीहरूले चित्त बुझाउने गर्दछन् ।

हालको विवाह कार्यक्रममा विभिन्न प्रकारको विकास आदि कारणले यस्तो डोली बोक्ने परम्परामा पूर्ण रूपमा बन्द भएको पाइन्छ । यो कार्य हालका विवाहमा देखिदैन किनभने सवारी साधनका रूपमा सडक बाटो भएका ठाउँमा गाडी, मोटरमा बेहुला र बेहुलीलाई राखेर लैजाने प्रचलन रहेको छ ।

## ५.१६ रत्यौली

परिवर्तित समाजमा विभिन्न कुरामा आएको परिवर्तनले गर्दा विवाहको समयमा पनि परिवर्तन आएको छ । पहिले रातमा गर्ने विवाह हाल आएर दिउँसोको समयमा गरिएका भएकाले यस्तो प्रकारको रत्यौली पनि खेल्न समय कम हुनाले यस्तो नाचमा कमी आएको पाइन्छ । त्यस्तै आधुनिकताको प्रभावका कारणले बजा, साउण्ड सिष्टम आदि बजाएर नाच गान गर्ने चलन पनि बढ्दै गएको पाइन्छ । हालका विवाहमा महिला पनि पुरुष सँगै जन्ती जाने भएका कारणले पनि यस्तो नाच खेल्न महिला घरमा नहुने भएकाले पनि यो नाचमा कमी आएको पाइन्छ ।

# अध्याय - छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

नेपालमा बसोवास गर्ने विभिन्न जातजातिहरूमध्ये क्षेत्री जाति पनि एउटा प्रमुख जाति हो । नेपाली समाजमा क्षेत्री जातिको आफ्नै परम्परा, संस्कार, भाषा, धर्म, मूल्यमान्यता, संस्कृति र विभिन्न चालचलन रहेको पाइन्छ । यो अध्ययन क्षेत्री जातिको विवाह पद्धतिको बारेमा अध्ययन गरिएको छ । जातीय परम्परा अनुसार नै विभिन्न संस्कारहरू जस्तो विवाह, ब्रतवन्ध, न्वारन, पास्नी, श्राद्ध तथा मृत्युपछि काजक्रिया गर्ने चलन छ। सुत्केरी तथा मासिक स्रव भएकी महिलालाई पर सार्ने चलन छ भने केटाको दश वर्षदेखि बीस वर्षको उमेरमा व्रतबन्ध गर्ने प्रचलन रहेको छ । यहाँको समुदायमा तल्लो जातका मानिसले छोएर पकाएको नखाने परम्परा छ। यस जाति भित्र कसैको मृत्यु भएपछि लास जलाउने गरिन्छ भने विवाह कार्य आफ्नै किसिमले परम्परागत ढंगले सम्पन्न गरिन्छ । प्राचीन समयमा रजस्वला हुनुभन्दा पहिले विवाह गर्नु पर्छ भन्ने मान्यता रहेता हाल आएर प्रायः गरी अठार वर्षदेखि माथि केटीको र बीस वर्ष भन्दा माथि केटाको विवाह गरिदिने चलन रहेको छ । अध्ययन क्षेत्रका व्यक्तिहरू मान्ने चाडवाड, परम्परा, संस्कार, विभिन्न देवीदेवताको पूजा र जन्मदेखि मृत्युपर्यन्तसम्मको संस्कारमा परम्परागत मौलिकता रहेको पाइन्छ।

पारिवारिक संरचना अन्तर्गत नमूना छनौटमा परेका उत्तरदाताहरूको ९० परिवारमध्ये एकात्मक परिवारको संख्या ५६ (६२.२० प्रतिशत), संयुक्त परिवारको संख्या २४ (२६.७० प्रतिशत), बृहत् परिवारको संख्या १० (११.१० प्रतिशत) रहेको छ।

त्यसैगरी पारिवारिक संरचना अन्तर्गत नमूना छनौटमा परेका उत्तरदाताहरूो धेरै सानो १-२ सदस्य भएको परिवारको संख्या ४ (४.४४ प्रतिशत), सानो परिवार ३-५ सदस्य भएको ४६ (५१.११ प्रतिशत), मध्यम परिवार ६-८ सदस्य भएको परिवार २८ (३१.११ प्रतिशत) र ठूलो परिवार ९ सदस्य भएको परिवार संख्या १२ (१३.३३ प्रतिशत) रहेको छ।

परिवार विखण्डन हुनुको कारणको प्रश्नको जवाफमा नमूना छनौटमा परेका उत्तरदाताहरूको जवाफमा घरमूलीको नियन्त्रणमा बस्न नचाहेर भन्नेहरूको संख्या १८ (

२०%), घरायसी झै झगडाको कारणबाट ३२ (३५.५५%), घरभन्दा टाढा रोजगारीको कारण ३० (३३.३३) र अन्य कारणमा १० (११.१२) रहेको छ ।

नमूना  छनौटमा परेका उत्तरदाताहरूको विवाह गर्दाको उमेरमा १५-२० वर्षको उमेरमा ४८ (५३.३३%), २१-२५ वर्षको उमेरमा २६ (२८.८८%) र २५ वर्ष माथि १६ ( १७.७७%)  रहेको छ ।

नमूना छनौटमा परेका उत्तरदाताहरूको एकपत्नी विवाह ८० (८७.३३ प्रतिशत), वहुपत्नी विवाह ६ (६.६६ प्रतिशत), विधुर वा विधवा विवाह ४ (४.४४ प्रतिशत) रहेको छ । त्यस्तै गरी नमूना छनौटमा परेका उत्तरदाताहरूको विवाह आमा बाबुको मन्जुरीबाट अर्थात् मागी विवाह अन्तर्गत ७२ (७५.५ प्रतिशत), प्रेम विवाह गर्नेहरूको संख्या १० (११.११ प्रतिशत), अन्तरजातीय विवाह गर्नेको संख्या ८ (८.८८ प्रतिशत) र भागी वा चोरी विवाह गर्नेको संख्या २ (२.२२%) रहेको छ ।

यहाँका क्षेत्री जातिहरू परम्परागत मूल्यमान्यता र संस्कारहरूमा आधारित भएर विवाह कार्यक्रम सम्पन्न गर्दछन् । परम्परागत रूपमा चलिआएको मागी विवाहलाई हालसम्म पनि अवलम्बन गर्दै आएका छन् । मागी विवाह विशेष गरी सगोत्री, सपिण्ड, प्रवर बाहेक  सजातीय व्यक्तिहरूसँग विवाह गर्ने चलन छ । यसरी विवाह गर्दा केटी र केटा पक्षका अभिभावक, इष्टमित्र, नातेदार वा नजिकका लमी मार्फत कुरा लाएर केटी माग्ने चलन छ । केटी मागीसकेपछि शुभ-अशुभ, राम्रो-नराम्रो ग्रह दशा आदि कुरा ज्योतिषबाट हेराएर विवाह गराइन्छ । विवाहका लागि समेत ज्योतिषबाट दिन साइत माग्ने गरिन्छ । विवाहको कुरा छिनी सकेपछि विवाह हुनुभन्दा एक दुई दिन अगाडि केटा पक्षमा ग्रह पूजा, श्राद्ध सम्पन्न गरिन्छ । विवाहका लागि दुलहालाई तयार पारिन्छ र विवाहमा लैजाने साधन ( कार, बस) आदि पूजा गरी दुलहालाई टिकाटालो गरेर ब्राह्मणलाई अगाडि लगाएर बाजागाजाका साथ विवाह केटीको घरमा लगिन्छ । विवाहमा जाँदा बाटोमा पर्ने देवी देवाको समेत पूजा गर्दै जान्छन् । विवाह केटीको आँगनमा पुगेपछि सवारी साधनबाट दुलहालाई उतारेर मण्डपमा राखेर विवाह कार्यको थालनी गर्दछन् ।  यसरी सबै काम सकिए पछि विवाह तयार गरी दुलहाको घरमा लगिन्छ । त्याहाँ पुगेपछि दुलहीलाई अन्माएर साइनो लगाई ढोगभेट गराइन्छ । भोलिपल्ट विहान सिन्धुर पखाली नयाँ कपडा लगाई तयार भएर माइततिर जाने गरिन्छ ।

हालका दिनहरूमा प्रेम विवाहको पनि प्रचलन बढ्दै गएको पाइन्छ । एक अर्को बीच मनपराई विवाह गर्ने गरिन्छ । यस्तो विवाह दुवैको मन्जुरीमा गर्ने गर्दछन् । यस्तो विवाह केटी लगिसकेपछि भोजभतेर  पनि गर्ने चलन रहेको छ । चोरी विवाहको चलन भने खासै देख्न सकिँदैन । यस्तो विवाह केटीले मन पराए नपराएमा जवरजस्ती लगेर गरिन्छ । अन्तरजातीय विवाह पनि केही मात्रामा चलेको पाइन्छ । प्राचीन समयमा यस्तो विवाह गर्ने मानिसको सामाजिक हैसियत, मान प्रतिष्ठामा समस्या रहेको पाइथ्यो भने हाल आएर त्यस्तो हेराई हट्दै गएको पाइन्छ । विधुर र विधवा विवाहलाई समाजले स्वीकारेको पाइन्छ । पुरुष विधुर हुँदा विवाह गर्ने तर स्त्री विधुवा हुँदा अर्को व्यक्ति खोजी विवाह गर्ने चलन रहेको पाँइदैन । वर्तमान समयमा आएर जारी विवाह प्रचलनमा रहेको पाइँदैन । विवाहको समयमा केटी पक्षले आफूले सके जति दाइजो दिने गर्दछन् यसका लागि मोलतोल वा कबुल भने हुने गर्दैन । हालका दिनहरूमा सक्नेले सुनचाँदी, गहना, कपडा, घरायसी सामानका साथै बजारका महङ्गा सामान, फर्निचर दिने गरेको पाइन्छ ।

विवाह कार्यक्रम सम्पन्न गर्नका लागि विभिन्न व्यक्तिहरूको आफ्नै किसिमको भूमिका रहेको पाइन्छ । दुलहा दुलहीको दाजुभाई, दिदी वहिनी तथा अन्य नातेदारहरूले विवाह को समयमा आ-आफ्नै किसिमले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । दुवै पक्षका बाबु आमाको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । उनीहरूले विवाहको तयारी गर्ने, पूजा आजामा बस्ने र सरसामानको व्यवस्था गर्ने काम गर्दछन् । ज्योतिषले चिना जुराउने काम देखि लिएर विवाहको लगन, ग्रह दशाका बारेमा हेर्ने काम गर्दछन् भने पण्डित/ब्राह्मणले विवाह कार्यमा विधि र विधान अनुसार पूजाआजा गराई सम्पन्न गराउने गर्दछन् । दमाईले शुभ साइतको बाजा  बजाउने र विवाहका लागि चाहिने लुगा कपडा सिउने काम गर्दछन् ।

## ६.२ निष्कर्ष

यहाँका क्षेत्री जातिहरूको आफ्नै परम्परागत सामाजिक, सांस्कृतिक विशेषताहरू छन् । दिन प्रति दिन भएको विकास, प्राविधिक प्रगति, विश्वव्यापीकरण आदिका कारणले यस समुदायका मानिसको सामाजिक, आर्थिक र सांस्कृतिक मूल्यमान्यतामा परिवर्तन हुँदै गएको छ । जसमा जन्म, मृत्यु र विवाह संस्कार, चाडपर्व र अन्य धार्मिक संस्कार र परम्परामा पनि परिवर्तन हुँदै आएको छ ।  यस समुदायमा विकासका कारण शिक्षा, चेतना र आर्थिक पक्षमा सुधार भए पनि पुरानो परम्परा र मूल्यमान्यतामा भने दिन प्रति दिन परिवर्तन देख्न

सकिन्छ । छोरीहरूलाई शिक्षाबाट वञ्चित तथा कम उमेरमा विवाह गरिदिनु पर्छ भन्ने मान्यतामा परिवर्तन आई ढिलो विवाह गर्ने, छोरा सरह शिक्षा दिनु पर्दछ भनेर विद्यालय पठाउने गरेको पाइन्छ । हालका दिनहरूमा आर्थिक पक्षलाई मात्र जोड दिई सामूहिक सहयोगको भावनामा पनि कमी हुँदै गएको पाइन्छ ।

मागी विवाह चलन चल्तीमा रहे पनि शुभ/अशुभ, ग्रह दशा आदि धेरै कुरामा त्यति महत्व दिइदैन भने विवाह गर्ने विधि र परम्परामा पनि समय अनुसार चल्ने गर्दछन् । विवाह गर्ने समय धेरै नलगाई छोट्याएर एक दिनको विवाह गर्ने परिपाटी चलेको पाइन्छ । विवाह गर्दा धेरै पकारका पूजा आजा विधि र विधान प्रयोग नगरी गर्नुपर्ने महत्वपूर्ण कार्य मात्र गर्ने गरिन्छ । हालका दिनहरूमा केटी माग्ने, छान्ने परम्परामा अभिभावकसँग मात्र सम्बन्धित नगराई केटी र केटाको मन्जुरीमा समेत ध्यान दिइन्छ । हालका दिनहरूमा विवाहमा राम्रो खानपान, लुगा कपडा, गहना आदिमा बढी खर्च गर्ने गरिन्छ । त्यसैगरी पहिलेको तुलनामा दाइजोमा पनि फरक रहेको पाइन्छ । देखासिकीका कारणले दाइजो राम्रोसँग दिनुपर्दछ भन्ने परिपाटीको विकास भएको पाइन्छ । प्रेम विवाह पनि समाजमा बढी चलनचल्तीमा रहेको पाइन्छ । हालका दिनमा शिक्षा चेतना आदिको विकास र उमेरका आधारले परिपक्व भइसकेको अवस्थामा विवाह गर्ने भएकाले प्रेम विवाह बढेको पाइन्छ । अन्तरजातीय विवाह यस समाजमा त्यति चलन चल्तीमा नभए पनि फाटफुट हुने गदृछ तर त्यसलाई समाजले त्यति मान्यता दिएको पाइँदैन । विधुर विधवा विवाह भने रहेको पाइन्छ । हालका दिनहरूमा चोरी विवाह प्रचलनमा नभएको पाइन्छ । जारी विवाह पनि दुवै लोग्ने स्वास्नी बीच मनमुटाव भएमा सम्बन्ध विच्छेद हुने भएकाले कम मात्रामा रहेको पाइन्छ ।

विवाहका समयमा विभिन्न व्यक्तिहरूको आफ्नै किसिमको भूमिका रहेको पाइन्छ । नातेदारहरूले विवाहमा केटी माग्ने कुरा चलाउने भन्दा पनि सहयोगीको भूमिका खेल्ने गर्दछन् । दिदीबहिनी र फुपूले पनि विवाहमा सहयोगीको भूमिका खेल्दछन् भने आमा बाबुले विवाहलाई कसरी सम्पन्न गर्ने भन्ने जिम्मेवारी लिएका हुन्छन् । हालको विवाहमा विभिन्न कारणले गर्दा ज्योतिष, पण्डित आदिको भूमिकामा पनि परिवर्तन देख्न सकिन्छ । पहिलेको जस्तो यिनीहरूले धेरै हेर्ने बुझ्ने विधि विधानले विवाह सम्पन्न गर्ने नगरी सामान्य विधि पुऱ्याएर गर्ने गरेको पाइन्छ । दमाई र अन्य दलित जातिका मानिसहरू पनि विवाह हुनु नै पर्दछ भन्ने छैन भए पनि पहिलेको जस्तो धेरै कम गर्नु पर्दछ भन्ने छैन । डोली बोक्ने चलनमा परिवर्तन आइ सवारी साधनमा दुलहा/दुलहीलाई लैजाने गरिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, कृष्ण प्रसाद २०५४, *गुरुङ विवाह र परिवारको बदलिदो स्वरूप, कास्की* जिल्ला, *कालिका गा.वि.स. को एक अध्ययन,* त्रि.वि., समाजशास्त्र/ मानवशास्त्र विभाग (स्नातकोत्तर तहको अप्रकाशित शोत्र पत्र) ।

उप्रेती, शिवप्रसाद । २०६९ । छेकम्पारमा जवरजस्ती विवाह प्रथा कायमै, *अन्नपूर्ण पोष्ट,* वैशाख १९ गते ।

खत्री, प्रेम र पेशल दाहाल, २०५३, *नेपालको सामाजिक इतिहास,* काठमाडौंः साझा प्रकाशन ।

चालिसे, नवराज, २०२१, *प्राचिन हिन्दु अर्थशास्त्रको रूपरेखा,* काठमाडौँः मदन पुरस्कार गुठी ।

तिवारी, गोपालनिधी, २०२६, "विवाहको आध्यात्मिक पक्ष", *मधुपर्क,* वर्ष २, अंक ९ माघ ।

पन्थी, लक्ष्मीकान्त, २०४२, *व्रतवन्ध तथा विवाह संस्कार,* काठमाडौं, लेखक स्वयं ।

बराल, वाशु, २०५०, *हिन्दू सामीजक संगठनको प्रारूप,* काठमाडौंः साझा प्रकाशन ।

बराल, रामचन्द्र, २०५७, "विवाह विच्छेदका कारण र असरः पोखरा उपत्यकाका तागाधारी पारपाचुकेमा आधारित सामाजिक अध्ययन", स्नातकोत्तर शोधपत्र, त्रि.वि ।

बिष्ट, डोर बहादुर, २०६४, *सबैजातको फुलबारी,* ललितपुरः साझा प्रकाशन ।

भट्ट, विनोदकुमार, २०६९, "सुदूरपश्चिमा खस जातिको विवाह संस्कृति र त्यसमा आएको परिवर्तन एक समाजशास्त्रीय अध्ययन", त्रि.वि., समाजशास्त्र/मानवशास्त्र विभाग (स्नातकोत्तर तहको अप्रकाशित शोध पत्र) ।

भट्टराई, हर्षनाथ, २०४६,"हाम्रो समाजको अटल आधारः विवाह", *प्रज्ञा,* काठमाडौं, वर्ष १८, अंक २-३, पृ. ९०-९६ ।

मिश्र, चैतन्य, २०६७, "विवाहको अर्थ-राजनीति", *मूल्याङ्कन,* चैत्र, पृ. २३-२५ ।

मल्ल, खड्गमान (अनुवादक) २०४७, *नेपाल हिमालका जनजातिहरू,* काठमाडौंः जोरगणेश प्रेश प्रा.लि., पृ. ७३-७४ ।

याज्ञवल्क्य (१९८०), *याज्ञवल्क्य स्मृति* (टिकाकारः मिहिरचन्द्र शर्मा), मुंबईः श्रीकृष्ण दासात्यज गंगाविष्णो ।

शर्मा, जनकलाल, २०३९, *हाम्रो समाज एक अध्ययन,* काठमाडौंः साझा प्रकाशन ।

शाक्य, पदम कुमारी, २०५७, *कीर्तिपुर नगरपालिका जाखा गाउँका महिलाहरूको शैक्षिक स्थिति एक अध्ययन,* त्रि.वि. समाजशास्त्र/मानवशास्त्र विभाग (स्नातकोत्तर तहको अप्रकाशित शोध पत्र)।

सिवाकोटी, अनिता, २०६८, “महँगो, झन् झन् महँगो विहे”, *कान्तिपुर साप्ताहिक, १६ मंसिर।*

सुवेदी, मधुसूदन, २०५६, *हिन्दु विवाहको इतिहास,* काठमाडौँः क्वालिटी प्रन्टर्स।

क्षेत्री दिलबहादुर, २०६६, *आदिवासी, खस क्षेत्रीः विश्लेषणात्मक अध्ययन,* पृ. ६-२८, *क्षेत्री आवाज,* पोखराः क्षेत्री समाज कास्की।

श्रेष्ठ, रमा, २०५६, *चापागाउँ गा.वि.स. स्थित प्याङ्गगाउँको महर्जन जातिको परिवारमा प्रचलित विवाह परम्परा बारे एक समाजशास्त्रीय अध्ययन,* त्रि.वि., समाजशास्त्र/मानवशास्त्र विभाग (स्नातकोत्तर तहको अप्रकाशित शोध पत्र)।

Bista, Dor B. 1967. *The People of Nepal.* Kathmandu: Ratna Pustak Bhandar.

Central Bureau of Statistics 2001. *Population Monographs of Nepal*. Kathmandu. CBS.

Gray, Jhon N., 1991. "Marriage and the Constitution of Hierarchy and Gender in Bahun-Chhetri Households", *Contributions to Nepalese Studies*. Kathmandu: CNAS, Vol. 18, No. 1. pp. 53-82.

Gurung, Harka, 2003. *Social Demography of Nepal 2001.* Kathmandu: Himal Book.

Hodson, T.C., 1996, "Marriage Among the Naga Tribes of Manipur, *Kinship and Family in North East India*, Edit by J.S. Bhandari, Vol. 1, New Delhi: Cosmos Publication, pp. 1-20.

Ishii, Hiroshi, 1999. "Life Cycle Rituals of the Newars, Parbate, Hindus and Maithils", *Anthropology and Sociology of Nepal.* Edit by ram B. Cheetri, Om Grung, Kathmandu: SASON, pp. 24-47.

Majumdar, D.N. and Madam J.N., 1986, *An Introduction to Social Anthropology,* New Delhi: National Publishing House.

Mishra, Shrikant, 1994. *Ancient Hindu Marriage Law and Practice.* New Delhi: Deep and Deep Publication.

Nepali, Gopal Sing, 1965. *An Ethno-Sociological Study of Himalayan Community*. Bombay: United Publication.

Pandy, Raj Bali, 1969. *Hindu Smaskaras.* Religious of the Hindu Sacarment.

Sharma, Prayag Raj, 1977. "Cast, Social Mobility and Sanskritization: A Study of Nepals' Old Code 1853", *Kailash Magazine.* Kathmandu.

Tuladhar, Jayanti Man, 1985. "Factors Affecting the Age at Marriage in Nepal", *Contributions to Nepalese Studies.* Kathmandu: Vol. 12, No. 2, pp. 45-52.